म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १२, अंक २९३ मंगलबार २३ जेठ २०८० ने. सं. ११४३ तछलागा 6 June 2023 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

**कर्मचारी आवश्यकता**

यस मकवानपुर सहकारी अस्पतालभित्र रहेको सक्षम औषधी पसल र अग्रिम औषधी पसलका लागि लेखापाल आवश्यकता परेको हुँदा सम्पर्क राख्नुहोला ।

**तलब:** आपसी समझदारीमा निर्धारण गरिनेछ ।

**सक्षम औषधी पसल/अग्रिम औषधी पसल**

मकवानपुर सहकारी अस्पताल

हेटौंडा-१, सम्पर्क नं.: ९८५५०७४९००, ९८४१२७००९

# थोत्रा पेट्रोल सवारीलाई विद्युतीय सवारीमा परिणत गरेर सरररर....

निशा गुरुङ

हेटौंडा, २२ जेठ/ मेकानिकल इन्जिनियरिङको स्नातक सकाएका बसन्त आले, दीपेश बुडाथोकी, अभिषेकराज नकर्मी र रविन्द्र श्रेष्ठले २० वर्ष पुरानो पेट्रोल तथा डिजेलका सवारीलाई विद्युतीय सवारीमा परिणत गरेका छन् । सामाजिक विकास मन्त्रालय वागमती प्रदेशको सहयोगमा ४ युवाले २० वर्ष पुरानो भइसकेका सवारीलाई विद्युतीय सवारीमा परिणत गरेका हुन् ।

वागमती प्रदेश सरकारले युवा पुस्तालाई वैज्ञानिक खोज तथा अनुसन्धान कार्यमा सघाउने उद्देश्यका साथ सामाजिक विकास मन्त्रालय मार्फत् आर्थिक वर्ष २०७५/७६ मा यो कार्यक्रम ल्याएको थियो । यो कार्यक्रममार्फत नै ती युवाले पुराना पेट्रोल तथा डिजेलका सवारीलाई विद्युतीयमा परिणत गर्न थालेका छन् । २०७७ मंसिर ७ गते १ वर्षमा सकाउनु पर्ने सम्झौता गरेका ती युवाले काम सुरु गर्दा कोभिडको महामारी फैलिएर मुलुक लकडाउनमा गयो । लकडाउनका कारण हुँदा १ वर्षसम्म काम रोकियो ।

पेट्रोल तथा डिजेलका सवारीलाई विद्युतीय सवारीमा परिणत गर्ने योजनाका प्रमुख इन्जिनियर बसन्त आले भन्छन् 'विद्युतीय सामानहरु चीनबाट ल्याउनु पर्ने हुँदा लकडाउनेल काम रोकियो ।' कोरोना कहर कम भएपछि उनीहरुले आफ्नो अभियानलाइ पुन: तीव्रता दिए र २०७९ भदौमा काम सम्पन्न भयो । आलेले पेट्रोल तथा डिजेलका सवारीको पुरानो इन्जिन झिकेर विद्युतीय सवारीमा परिणत गरेको बताए । उनका अनुसार २० किलोवाटको मोटर राखेको छ भने १२० किलोमिटर रेन्ज रहेको छ । ५ वटा गेर भएको सवारीमा ४५ डिग्रीको ग्रेडिएन्टमा पनि गुड्न सक्नेछ ।

सामाजिक विकास मन्त्रालयको १९ लाख ९० हजारको लगानीमा सुरु गरेको अभियानले विद्युतीय सवारीमा परिणत गर्दा रकम नपुगेपछि आफ्नै लगानी परेको उनीहरुले बताए । आलेका अनुसार सवारीमा जम्मा २६ लाख खर्च भएको बताएका छन् । आलेले आफूहरुले जतिसुकै पुराना भइसकेका पेट्रोल वा डिजल ईन्जीनका गाडीलाई विद्युतीयमा रुपान्तरण गर्न सक्ने दावी गरे । इन्जिनियर दीपेश बुढाथोकीका अनुसार १ वर्षमा ६० हजार पेट्रोल गाडी रुपान्तरण गर्दा ३ वर्षमा ३४ अर्व ५७ करोड २० लाख रुपैयाँ सरकारलाई नाफा हुने छ ।

**कानुनी मान्यता नदिँदा चुनौती**

२०७८ साल चैत १४ गते राजपत्रमा प्रकाशित सूचना अनुसार सवारीलाई वातावरणमैत्री विद्युतीय सवारी साधनमा रुपान्तर गर्न सकिने भएपनि स्पष्ट कानूनको अभावमा यातायात कार्यालयले रुपान्तरित सवारी साधन दर्ता गर्न सकेको छैन । त्यसैगरी हाल २० वर्ष भन्दा पुराना सार्वजनिक सवारी साधनको दर्ता खारेज गर्ने भनिएको छ ।

वागमती प्रदेश सरकारको नीति तथा कार्यक्रममा विज्ञान, प्रविधि, नवप्रवर्तन तथा विकास कोष सार्वजनिक गरेको छ । नीति तथा कार्यक्रममा विज्ञान तथा प्रविधिको विकास, अनुसन्धान, नवप्रवर्तन र आविष्कारका लागि विज्ञान, प्रविधि, नवप्रवर्तन तथा विकास कोषको स्थापना गर्न कानुनी र संस्थागत व्यवस्था गरिने सरकारको नीति छ । प्रदेश सवारी तथा यातायात नीति तर्जुमा गरिनुका साथै प्रदेशका प्रमुख सहर र लोकमार्गमा विद्युतीय सवारी साधनका लागि चार्जिङ स्टेशन सहितको एकीकृत स्मार्ट रिफ्रेस एण्ड ट्रान्सफर सेन्टर सञ्चालनमा ल्याइने प्रदेश सरकारले सार्वजनिक गरेको नीति तथा कार्यक्रममा समेटिएको छ ।

पेट्रोलियमपदार्थमा रहेको अत्यधिक परनिर्भरता कम गर्न विद्युतीय सवारी साधनको प्रयोगलाई प्रोत्साहन गरिने र इन्धनबाट सञ्चालन हुने सवारी साधनलाई विद्युतीय सवारी साधनमा रुपान्तरण गर्ने कार्यलाई प्रोत्साहन गर्न नीतिगत व्यवस्था मिलाइने सरकारको नीति छ । सरकारले नीति तथा कार्यक्रममा समावेश गरेको कार्यक्रम कार्यान्वयनमा आए पुरानो पेट्रोल तथा डिजेलका सवारीलाई विद्युतीय सवारीमा परिणत गर्न सहज हुने मेकानिकल इन्जिनियर बसन्त आले, दीपेश बुढाथोकी, अभिषेक नकर्मी र रविन्द्र श्रेष्ठले बनाएका सवारीले कानुनी मान्यता पाउने थियो ।

वागमती प्रदेशका मुख्यमन्त्री शालिकराम जम्मकट्टेलले २० वर्ष भइसकेको पुराना सवारी सबै नष्ट गर्न आवश्यक नरहेको बताएका छन् । मुख्यमन्त्री जम्मकट्टेलले सरकारले २० पुराना सवारीलाई नष्ट नगरी त्यसलाई मोडिफाई गरेर विद्युतीय सवारीमा परिणत गर्नुपर्ने बताएका हुन् । मुख्यमन्त्री जम्मकट्टेलले पुराना सवारीको इन्जिन झिकेर मोटर र ब्याट्री हालेर प्रयोग गर्दा फेरि १०/१५ वर्षसम्म चल्न सक्ने दाबी गरे । उनले यसलाई प्रोत्साहन गर्नका निम्ति प्रदेश सरकारले कानुन निर्माण गर्ने प्रतिवद्धता व्यक्त गरे ।

सामाजिक विकास मन्त्री कुमारी मोक्तानले मन्त्रालयको उद्देश्य नै युवाले निर्माण गरेको योजनालाई व्यवस्थित ढंगले सञ्चालन गरेर लैजान रहेको बताइन् । मन्त्री मोक्तानले यसका निम्ति कानुन निर्माण गरेर नवप्रर्द्धक युवालाई सचेत ढंगले प्रोत्साहन गर्ने समेत दाबी गरिन् ।

**५ वटा विषयमा अनुसन्धान**

प्रदेश सरकारले युवा विज्ञानलाई प्रोत्साहन गर्दै हाल ५ वटा विषयमा अनुसन्धान गरिएको छ । प्रदेश सरकारले युवामार्फत विश्वमा नै नयाँ प्रकारका ५ विषयमा अध्ययन तथा अनुसन्धान गरिएको हो । विज्ञानसम्बन्धी नयाँ विषयमा अध्ययन अनुसनधान गर्ने योजना र जानकारी भएका युवालाई प्रदेश सरकारले प्रोत्साहन गर्दै आएको छ ।

सोही अन्तर्गत वागमती प्रदेशमा युवाले ५ वटा नयाँ वैज्ञानिक अनुसन्धान गरिएको बताइएको छ । युवा पुस्तालाई वैज्ञानिक खोज तथा अनुसन्धान कार्यमा सघाउने उद्देश्यका साथ बागमती प्रदेश सरकारले सामाजिक विकास मन्त्रालयमार्फत् आर्थिक वर्ष २०७५/७६ बाट यो कार्यक्रम ल्याएको हो । प्रदेश सरकारले आव ०७५/७६ को बजेटमा यो कार्यक्रम प्रस्तुत गरे पनि कार्यविधि र कानूनको अभावका कारण काम गर्न ढिलाई भएको छ ।

करिब एक वर्ष लगाएर युवा वैज्ञानिक प्रोत्साहन समितिले कार्यविधि तयार गरेपछि कार्यक्रम लागु गरेको सामाजिक विकास मन्त्रालयका सचिव रामकृष्ण पुडासैनीले बताए । कार्यविधि स्वीकृत भएपछि पहिलोपटक खोज तथा अनुसन्धान कार्य गर्न इच्छुक व्यक्तिबाट आवेदन माग गर्दै मन्त्रालयले सूचना गरेको थियो । पहिलो चरणमा प्राप्त भएका आवेदनलाई पुन:अध्ययन गरी केहीलाई प्रस्ताव पुन:लेखनका लागि पठाइएको छ । तर, उनीहरुमध्ये कसैले पनि प्रस्ताव पुन:लेखन गरी नआएपछि मन्त्रालयले दोस्रो पटकको सूचना जारी गर्‍यो । सूचना अनुसार, प्रदेशभरबाट १ सय २ वटा प्रस्ताव प्राप्त भएको सचिव पुडासैनीले बताए ।

ती प्रस्तावलाई समितिले अध्ययन गरी उपयुक्त लागेका प्रस्तावमा आवश्यक सुधार गरी थप अध्ययनका लागि विज्ञसमक्ष पठाएको सामाजिक विकास मन्त्रालय सचिव पुडासैनीले बताए । विज्ञबाट थप सुधार गरी प्राप्त भएका ५ वटा प्रस्तावलाई अनुसन्धानका लागि मन्त्रालयले स्वीकृति दिएअनुसार आवश्यक बजेटसहित अनुमति प्रदान गरेको मन्त्रालयले जनाएको छ ।

**५ मध्ये दुईवटा परियोजना सम्पन्न**

प्रदेश सरकारले युवा वैज्ञानिकलाई प्रोत्साहन गर्दै हाल ५ वटा विषयमा अनुसन्धान गरिएकामा दुईवटा सम्पन्न भएको छ । रातो च्याउ, दाँतको तेस्रो विधि, थोरै स्थानमा धेरै माछा पालन, जडिबुटीमा पाइने रसायनिक तत्वको खोजी र पेट्रोल तथा डिजेलका सवारीलाई विद्युतीय सवारीमा परिणत गर्ने परियोजनामध्ये दाँतको तेस्रो विधि र पेट्रोल तथा डिजेलका सवारीलाई विद्युतीय सवारीमा परिणत गर्ने परियोजना सम्पन्न भएको छ भने थोरै स्थानमा धेरै माछा पालन पनि अन्तिम चरण पुगेको सामाजिक विकास मन्त्रालयले जनाएको छ ।

# साइकलमैत्री सहर बनाउने प्रयास

साझाकुरा संवाददाता




हेटौंडा, २२ जेठ/ हेटौंडालाई साइकलमैत्री सहर बनाउने परिकल्पना अनुसार हिमालयन राइडर्स सोसाइटी मकवानपुरको पहलमा पहिलोपटक हेटौंडाको ५ स्थानमा साइकल स्ट्याण्ड राखिएको छ । साइकल चढेर आउने सेवाग्राहीलाई साइकल स्ट्याण्ड वा साइकल पार्किङको लागि सहज भएको छ ।

साइकल पार्किङको समस्याबाट छुटकारा दिन र साइकल चोरी हुनबाट बचाउनका लागि साइकल स्ट्याण्ड आवश्यक रहेको भन्दै सोसाइटीले ५ स्थानमा सुरुवात गरेको सोसाइटीका सचिव राजु थापामगरले जानकारी दिए । साइकल स्ट्याण्ड राख्नका लागि हेटौंडा उपमहानगरका निवर्तमान मेयर हरिबहादुर महत लगायत १९ वडाका वडाअध्यक्ष र सरोकारवाला विभिन्न संघसंस्था, पत्रकार र बुद्धिजीवीसँग गरिएको अन्तरक्रियाको निष्कर्षपछि काम सुरु गरिएको हो ।

हेटौंडा उपमहानगरका मेयर मीनाकुमारी लामाको उपस्थितिमा हेटौंडाको बुद्धचोक वरपर नमूनाको रुपमा साइकल लेन बनाइएपछि साइकलमैत्री सहरको पूर्वाधार सुरु भएको सोसाइटीका अध्यक्ष रामकुमार श्रेष्ठले बताए ।

साइकलमैत्री सहर निर्माण गर्नका लागि आवश्यकता अनुसार साइकल पार्किङको व्यवस्था गर्न सोसाइटीले सुरुवात गरेको हो । नमूनाको रुपमा हिमालयन मोटर्स प्रालिका संचालक सम्झौता सापकोटाको सौजन्यमा साइकल स्ट्यान्ड सहयोग लिएर हाल ५ स्थानमा साइकल स्ट्याण्ड राखिएको सोसाइटीका अक्ष्यक्ष श्रेष्ठले बताए ।

सरकारी निकायमा आउने सेवाग्राहीलाई मध्यनजर राख्दै हेटौंडामा नमूनाको रुपमा प्रस्तुत हेटौंडा उपमाहानगरपालिकाको कार्यालय, जिल्ला प्रशासन कार्यालय, हेटौंडा अस्पताल, हेटौंडा आँखा अस्पताल र हुप्राचौरको खेलमैदानमा साइकल स्ट्याण्ड राखिएको श्रेष्ठले बताए ।

हिमालयन राइडर्स सोसाइटीले सबैको साथ र सहयोग लिएर हातेमालो गर्दै नगरको १९ वटै वडा कार्यालयमा नमूनाको रुपमा साइकल स्ट्याण्ड राख्ने योजना बनाएको सोसाइटीका सचिव थापामगरले बताए । सवै वडा कार्यालयमा राखिपछि आवश्यकता अनुसार अन्यत्र बिस्तार गर्दै लैजाने योजना रहेको बताइएको छ ।

# मेयर कप: १४ र ११ नम्बर वडा अन्तिम चारमा

साझाकुरा संवाददाता

हेटौंडा, २२ जेठ/हेटौंडा उपमहानगरपालिकामा जारी मेयर कप फुटबल प्रतियोगिताअन्तर्गत सोमबारबाट क्वाटरफाइनल खेल सुरु भएका छन् ।

नगर खेलकुद विकास समितिको आयोजना भइरहेको तेस्रो संस्करणको मेयर कपमा सोमबार दुई खेल भएका छन् । हेटौंडा-५, स्थित पिप्लेक्याम्पा रंगशालामा भएको क्वाटरफाइनमा १४ र ११ नम्बर वडा विजय हासिल गर्दै अन्तिम चारमा प्रवेश गरेको छ । ११ नम्बर वडाले १ नम्बर वडालाई २-१ गोलले पराजित गरेको छ । ११ नम्बर वडाको जितमा ललित चौलागाईंले खेलको ७ औं र मनोज घलानले खेलको ४८ औं मिनेटमा गोल गरेका थिए । १ नम्बर वडाका लागि जेनिस थपलियाले खेलको ६० औं मिनेटमा सान्त्वना गोल फर्काए पनि हार भने टरेन । १ नम्बर वडाले गोल गर्ने राम्रा अबसर गुमाउँदा खेल गुमाउनु पर्‍यो ।

सोमबार नै भएको अर्को क्वाटरफाइनल खेलमा १४ नम्बर वडाले ९ नम्बर वडालाई पराजित गर्दै सेमिफाइनल यात्रा तय गरेको छ । निर्धारित समय गोलरहित बराबरी खेलेका दुवै वडाको नतिजा पेनाल्टी सुटआउटमा निकालिएको थियो । पेनाल्टी सुटआउटमा पनि ५-५ को बराबरी भएपछि १४ नम्बर वडाले सडन डेथमा जित हात पार्दै सेमिफाइनल प्रवेश गरेको हो ।

प्रतियोगिताअन्तर्गत् आज मंगलबार वडा नम्बर २ र १३ तथा १९ र १५ नम्बर वडाले सेमिफाइनल प्रवेशका लागि प्रतिस्पर्धा गर्नेछन् । यसअघि भएको खेलमा २ नम्बरले १७ नम्बरलाई र १९ नम्बरले ८ नम्बर वडालाई हराउँदै क्वार्टरफाइनलमा स्थान बनाएका थिए । १५ नम्बर वडाले १८ नम्बरलाई र १० नम्बर वडालाई निरीह बनाउँदै १३ नम्बर वडा अन्तिम आठमा पुगेको थियो ।

प्रतियोगिताको सेमिफाइनलका खेलहरु बुधबार र बिहीबार हुनेछ भने फाइनल खेल शनिवार हुने जनाइएको छ । मेयर कप फुटबल प्रतियोगिताको विजेता टिमले नगद २ लाख रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछ भने उपविजेता टिमले नगद १ लाख ५० हजार रुपैयाँ प्राप्त गर्नेछन् । सेमिफाइनल प्रवेश गर्ने दुई टिमले ५०-५० हजार रुपैयाँ प्राप्त गर्नेछन् । यस्तै विधागत उत्कृष्ट खेलाडीले ५-५ हजार रुपैयाँ प्राप्त गर्ने आयोजकले जनाएको छ ।

# प्लाष्टिक प्रयोग रोकथाम सन्देशसहित मनाइयो वातावरण दिवस

साझाकुरा संवाददाता




हेटौंडा, २२ जेठ/विश्व वातावरण दिवसको अबसरमा सोमबार हेटौंडामा विविध कार्यक्रम आयोजना गरिएको छ ।

टोल विकास संस्था नगर समन्वय समिति, हेटौंडा उपमहानगर पालिकाको आयोजनामा हेटौंडामा ५१ औं विश्व वातावरण दिवस मनाइएको हो । सोमबार विश्व वातावरण दिवसको दिन वातावरणीय सचेतनामूलक बृहत ऱ्यालि तथा पुरस्कार वितरण र सम्मान कार्यक्रम गरी दिवस मनाइएको हो । 'प्लास्टिकजन्य प्रदूषण निर्मूल पारौं, वातावरणमैत्री विकल्पको उपयोग गरौं' भन्ने नाराकासाथ वातावरण दिवस मनाइएको हो । प्लाष्टिक प्रदूषणले विश्वमा असर परिरहेको भन्दै यो वर्ष प्लाष्टिकको प्रयोगलाई रोकथाम गर्न प्रेरित गर्ने उद्देश्यले सरकारले दिवसको नारा तय गरेको छ ।

हेटौंडाका १९ वटै वडामा रहेका टोल विकास संस्थाले आफ्नै क्षेत्रमा र हेटौंडाको मुख्य बजार वर परका क्षेत्रका टोल विकास संस्थाले बजार क्षेत्रमा ऱ्याली निकालेर यो दिवस मनाएका हुन् । हेटौंडामा ५१ औं विश्व वातावरण दिवसको अवसरमा हुप्रचौरबाट सुरु भएको ऱ्याली शितलमहल चोक, पारि जातपथ, ओम भवन, बुद्धचोक हुँदै रोयल पार्टी प्यालेसमा गएर कार्यक्रम गरी समापन गरिएको थियो । कार्यक्रममा टोल विकास संस्थाको विवरणहरु समेटिएको टोल विकास दर्पण पुस्तिका समेत विमोचन गरिएको छ ।

टोल विकासमा रहेर वातावरण संरक्षणमा सहयोग पुऱ्याएको भन्दै रामकृष्ण थापा र वातावरण संरक्षण र अभियान संचालनमा महत्वपूर्ण योगदान पुऱ्याएको भन्दै ज्ञानबहादुर थापालाई वातावरण सम्मान-२०८० द्वारा सम्मान गरिएको थियो । वातावरण दिवसको समापन कार्यक्रममा सप्ताहव्यापी रुपमा आयोजना भएका विभिन्न कार्यक्रममा उत्कृष्ट हुने प्रतियोगीलाई पुरस्कृत गरिएको छ । कार्यक्रममा उत्कृष्ट ऱ्याली पुरस्कारतर्फ विकास टोल विकास संस्था हेटौंडा-८ प्रथम, अब्बल डाँडा टोल विकास संस्था हेटौंडा-५ दोस्रो, सिमलटार टोल विकास संस्था हेटौंडा-११ तेस्रो, मैदा टोल विकास संस्था हेटौंडा-८, सामुदायिक विकास तथा सचेतना नेपाल र पञ्चेबाजा समुह हेटौंडा-१ सान्तवना भएका छन् ।

ऱ्याली कार्यक्रममा १ सय ७० भन्दा बढी संघसंस्थाको उपस्थिति रहेको र करिब ७ हजार भन्दा बढी व्यक्तिको उपस्थिति रहेको टोल विकास संस्था नगर समन्वय समिति अध्यक्ष ध्रुव अधिकारीले जानकारी दिए । समापन कार्यक्रममा उपमहानगरपालिकाका प्रमुख मीनाकुमारी लामाले २०८१ जेठदेखि प्लास्टिक झोला रहित हेटौंडा बनाउन अभियान संचालन गरिने बताइन् । कार्यक्रम टोल विकास संस्था नगर समन्वय समितिका अध्यक्ष अधिकारीको सभाध्यक्षतामा तथा बागमती प्रदेशका मुख्यमन्त्री शालिकराम जम्कट्टेलको प्रमुख आतिथ्यतामा भएको समापन कार्यक्रममा बागमती प्रदेशसभा सदस्य प्रेमबहादुर पुलामी, भारती पाठक, एकालाल श्रेष्ठ, प्रमुख जिल्ला अधिकारी राजेन्द्रदेव पाण्डे, मकवानपुर जिल्ला प्रहरी प्रमुख बामदेब गौतम, हेटौंडा उपमहानगर पालिकाका वडाअध्यक्षहरु लगायतको उपस्थिति थियो ।

# बागमती गाउँपालिकामा ४९ कर्मचारी अनुपस्थित

साझाकुरा संवाददाता

हेटौंडा, २२ जेठ/ मकवानपुरको पूर्वी क्षेत्रस्थित बागमती गाउँपालिकामा एकै दिन ४९ जना कर्मचारी अनुपस्थित रहेको खुलेको छ ।

आमनागरिकको घर दैलोको सरकार अनुशासित र नागरिकप्रति उत्तरदायी हुनुपर्नेमा बागमती गाउँपालिकाको कर्मचारी भने कार्यालय बाहिर नै रहेका छन् । जसकारण सर्वसाधारणले गाउँपालिकाबाट लिनुपर्ने सेवाबाट बञ्चित भएका छन् । आइतबार पालिकामा बिहानको साढे १० बजेसम्म धेरै कर्मचारी अनुपस्थित थिए । पालिका पुग्दा अधिकांश कर्मचारीका टेबुल कुर्सीहरु खाली थिए । पालिकाका प्रशासकीय अधिकृत झम्कनारायण घलान गत शुक्रबारदेखि कुनै लिखित जानकारी बिना अनुपस्थित रहेको पाइएको छ । बागमती गाउँपालिकाको हाजिरी रजिष्टर कार्यालयका निमित्त प्रमुख दिनेशकुमार गुप्ताले हेरेपछि ४९ जना कर्मचारीको हाजिरी अनुस्थित रहेको थियो ।

आइतबार अनुपस्थित मात्र होइन । गत जेठ ७ गतेदेखि पालिकामा नआएको कर्मचारीको समेत पालिका प्रशासन बेखबर भेटियो । अधिकांश कर्मचारी फिल्डमा रहेको दाबी गरिरहेको पालिकासँग फिल्डमा खटिएको कर्मचारीको कुनै रेकर्ड नै छैन । कर्मचारीहरु ड्रेस कोडमा समेत भेटिदैनन् । सरकारले कर्मचारीलाई अनुशासित बनाउन र एकरुपता ल्याउन प्रतिबर्ष कर्मचारी पोशाकका लागि १० हजार रुपैयाँ उपलब्ध गराउँछ । तर, बागमती गाउँपालिकाका कर्मचारीहरु सरकारले तोकेको मापदण्डमा भेटिएनन् भने अधिकांश कर्मचारीसँग कर्मचारी परिचयपत्र समेत भेटिएन ।

त्यतिमात्र होइन, अघिल्ला मितिमा काम गरिएको देखाउनको लागि चलानी किताबमा चलानी नम्बर खाली राखेको भेटिएपछि कर्मचारीले तत्कालै सो नम्बर कोरेका थिए ।

कर्मचारी पालिकामा नभेटिदा एउटा कामको लागि पटकपटक धाउनु परेको र अध्यक्ष सर्केश घलान र उपाध्यक्ष फडिन्द्र तिमल्सिनासमेत पालिकामा नियमित नआउने गरेको सेवाग्राही दिनेश लामा बताउँछन् । अर्का सेवाग्राही सुजन तामाङले पनि गाउँपालिकामा कर्मचारी समयमा नआउने गरेको दुखेसो पोखे । बागमती गाउँपालिका वडा नम्बर-१ का वडाअध्यक्ष एहुन्ना राइलेसमेत कर्मचारीहरु समयमा नआउने गरेको गुनासो गरे । पालिकामा अध्यक्ष वा उपाध्यक्षमध्ये एकजना अनिवार्य रहनुपर्ने हुन्छ । पालिकाभित्रको बेथितिबारे प्रश्न गर्दा गाउँपालिका उपाध्यक्ष तिमल्सिनाले बेथिति रहेको स्वीकार गरेका छन् ।

**सम्पूर्ण ब्राण्डका गाडी**

**एकै ठाउँमा सम्पूर्ण सेवासहित**

☞ कार वास भित्र/बाहिर
☞ वाइरिङ मर्मत
☞ A/C मर्मत तथा ग्याँस रिफिलिङ
☞ सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
☞ डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
☞ टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
☞ इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**

हेटौंडा, चौकीटोल,

सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

## हाम्रो कुरा

# बालबालिकाको निगरानी घरबाटै सुरु गरौं

चरम गर्मीका कारण बालबालिकाको पढाई प्रभाबित भएपछि मकवानपुरका ६ पालिकाले विद्यालय बन्दको घोषणा गरेका छन् । आइतबार थप तीनवटा गाउँपालिकाले विद्यालय बन्द गरेका हुन् । अत्यधिक गर्मी भएपछि बालबालिकालाई पढाउन समस्या भएकाले विद्यालय बन्द गरिएको बताइएको छ । यतिबेला गर्मी बढेका कारण विद्यालयमा पठनपाठनमा समस्या आएको छ । ५० जना भन्दा बढी विद्यार्थी राखेर पढाउने कक्षाकोठामा मध्यान्हको समयमा उकुसमुकुस भएर बस्नै नसक्ने अवस्था छ । शिक्षकले कक्षाकोठामा पढाएको कुरा विद्यार्थीले बुझ्नै सक्दैनन् । गर्मीले गर्दा उनीहरु आलस्यमा परेका हुन्छन् । आइतबार मनहरी, राक्सिराङ र मकवानपुरगढीले पनि विद्यालय बन्द गर्ने निर्णय गरेका हुन् । यसअघि हेटौंडा उपमहानगरपालिका र बकैया गाउँपालिकाले पालिकाभित्रका सबै विद्यालय बन्द गर्ने निर्णय गरेका थिए । थाहा नगरपालिका, ईन्द्रसरोबर गाउँपालिका, भीमफेदी गाउँपालिका, कैलाश गाउँपालिका र बागमती गाउँपालिकाले विद्यालय बन्द गरेका छैनन् । बागमती गाउँपालिका पनि चरम गर्मी हुने क्षेत्र हो । थाहा नगर, ईन्द्रसरोबर, कैलास र भीमफेदीमा गर्मीको समस्या कमै हुने गरेका छ ।

आइतबार सूचना जारी गर्दै मनहरी, राक्सिराङ र मकवानपुरगढीले जेष्ठ २६ गते शुक्रबारसम्म विद्यालयको पठनपाठन बन्द गर्ने जानकारी दिएको छ । गर्मीका कारण पठनपाठनमा प्रतिकूल असर परिरहेको र कतिपय बालबालिकाको स्वाथ्यमा विभिन्न खाले समस्या देखिएपछि वर्षे बिदाबाट कट्टा हुनेगरी विदा दिइएको पालिकाहरुले बताएका छन् । जेठ २८ गते आइतबारबाट नियमित विद्यालय सञ्चालनमा हुनेछ । विदाको अवधिमा बालबालिकालाई घाममा बाहिर निस्कन नदिई घरमै सुरक्षित रुपमा रहने व्यवस्था मिलाउन अविभावकलाई आग्रह गरिएको छ । बालबालिकालाई रचनात्मक र सिर्जनात्मक कार्यमा सहभागी हुन प्रोत्साहन गर्ने, पोषणयुक्त खाना खुवाउने, जंकफुड, स्वास्थ्यलाई प्रतिकूल असर गर्ने खानेकुराहरु नखुवाउने र स्वच्छ खानेकुराहरु मात्रै खुवाउन सुझाव समेत दिइएको छ । समय प्रतिकूल रहेसम्म बालबालिकाको स्वास्थ्यमा ख्याल गर्न अभिभावकलाई सूचित गरि एको छ । बिदाको समयमा बालबालिकालाई घरमै स्वअध्ययनमा लगाउन आग्रह गरिएको छ । गर्मी छुट्टी भएपछि बालबालिका एक साताका लागि घरमै बस्न पाएका छन् । तर, घरमा अभिभावकले बालबालिकाको निगरानी नगरेकै कारण एक साता लामो बिदा उपयोगी साबित नहुन सक्छ । विद्यालयमा भए उनीहरुले केही ज्ञानगुनका कुरा सिक्ने थिए । घरमा पनि अभिभावकले आफ्ना नानीबाबुहरुलाई धेरै कुराहरु सिकाउन सक्छन् । तर, त्यसो भएको पाइदैन । बालबालिकालाई चौबिसै घण्टा मोवाइल वा टीभीमा रमाउन दिँदा त्यसले नकारात्मक असर गर्दछ । उनीहरुको जीवनउपयोगी ज्ञान र सीपका कुरामा ध्यान दिनु जरुरी छ ।

बालबालिकालाई घरको काम गर्न लगाउने, छरछिमेकमा घुलमिल हुन सिकाउने, आफूभन्दा ठूलाको अनुभवहरु सुन्ने सुनाउने, देश विदेशका समाचार सुन्न हेर्न लगाउने, राम्रा खालका सिनेमा हेर्न दिने आदि काम घरमै गर्न सकिन्छ । प्राकृतिक बिपद् जुनसुकै समयमा आउन सक्छ । यस्तो बिपदले बालबालिकाको भबिष्य संकटपूर्ण बन्दै जानेछ । त्यसैले परिवार नै बालबालिकाका लागि पहिलो पाठशाला हो । परिबारका सदस्यहरुले बालबालिकाका लागि घरमै ज्ञानगुनका कुरा सिकाउन सकिन्छ र सिकाउनै पर्छ । विद्यालय बिदा भयो भनेर बालबालिकालाई निगरानी नगर्दा उनीहरु गलत बाटोमा हिड्न पनि सक्छन् ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

साझाकुरा

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८० जेष्ठ २४ गते बुधबार ७ जुन २०२३ । चतुर्थी, जेष्ठ शुक्लपक्ष । तछलागा ११४३ ने.सं. । सूर्योदय ५:१०, सूर्यास्त ६:५६ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : शत्रु वृद्धि | **तुला** | : साझेदारीकार्यमा सफलता |
| **वृष** | : भाग्यबाट सन्तोष | **वृश्चिक** | : वैदेशिक कार्यमा अवरोध |
| **मिथुन** | : ऋणभार बढनाले खिन्नता | **धनु** | : सम्पत्तिबाट लाभ |
| **कर्कट** | : अनावश्यक झंझट | **मकर** | : मांगलिक कार्यमा मन |
| **सिंह** | : गृहकलहमा वृद्धि | **कुम्भ** | : मानसम्मानमा वृद्धि |
| **कन्या** | : आफन्तमा मनोमालिन्य | **मीन** | : आर्थिक हानि |

# भैँसीपूजा, भैँसी उपहार र मोदी चतुऱ्याइँ



✍ विनोद त्रिपाठी

यतिखेर खासगरी सामाजिक सञ्जालमा बहस र व्यंग्यको विषय बनेको देखिन्छ, 'प्रचण्डले गरेको भैँसी पूजा ।' के यो चर्चा सत्य हो ? के साँच्ची नै प्रचण्डले भैँसी पूजा गरेकै थिए ?

यो बहस त्यतिबेलादेखि चल्दै आयो, जतिबेला माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' पहिलोपटक प्रधानमन्त्री भएका थिए । यो विषयमा न अहिलेसम्म प्रचण्ड स्वयं बोलेका छन्, न उनको पार्टी । राजनीतिमा यो व्यंग्य यति उचाइमा पुग्यो- प्रचण्डसँग कुनै धर्मको विषय जोडिनेबित्तिकै भैँसी पूजाको चर्चा सुरु भइहाल्छ ।

प्रचण्ड हालै भ्रमणमा जाँदा भारतले १५ वटा भैँसी नेपाललाई उपहारस्वरूप दिने भएको छ, न प्रचण्डले भैँसी मागेका थिए, न प्रचण्डको भारत भ्रमण टोलीसँग भैँसी उपहारको कुनै साइनो छ । संयोगले यहीबेला भारतद्वारा नेपाललाई उपहारस्वरूप दिइएको मुर्रा जातको भैँसीको सन्दर्भ प्रचण्डको भैँसी पूजातिर सोझिएको छ । यति मात्र भएन, गेरुवस्त्र लगाएर भारतको मध्यप्रदेशको उज्जैनस्थित प्रसिद्ध ज्योर्तिलिङ्ग महाकालेश्वर मन्दिरमा प्रचण्डले पूजा गरेपछि भैँसी पूजाको उपमा जोडेर सामाजिक सञ्जाल तरंगिन पुग्यो । कुनै बेलाका उनकै सहयात्री बाबुराम भट्टराईले प्रचण्डले पूजा गरेका तस्बिर राखेर उपहास गर्दै सामाजिक सञ्जालमा लेखे, 'हामी कता जाँदै छौँ ? देश कता जाँदै छ ?'

धेरैलाई जिज्ञासा लाग्न सक्छ- नेपाल-भारत सम्झौताका मूल विषय छाडेर यो अर्थहीन बहस किन उब्जियो ? के प्रचण्डले भैँसीपूजा गरेकै हुन् ?

### भैँसी पूजाको वास्तविकता

संविधानसभाको निर्वाचनपछि प्रधानमन्त्री बनेका प्रचण्डलाई ०६६ माघ २९ गते सुनसरीस्थित वराह क्षेत्रको चतराधाममा निमन्त्रणा गरिएको थियो । यो हिन्दुधर्मावलम्बीको प्रसिद्ध स्थानका रूपमा परिचित छ । जहाँ अधिकांश होम, पूजा, भजनकीर्तन, आयुर्वेद प्रशिक्षण लगायत चल्ने गर्छ । सोही दिन त्यहाँ आयुर्वेद औषधिको दशदिने शिविर उद्घाटन हुँदै थियो, जसको प्रमुख अतिथिका रूपमा बोलाइएका थिए, प्रधानमन्त्री प्रचण्ड ।

त्यहाँ भैँसी, बाख्रा, हात्ती, घोडा, गोरु, गाई जनावर राखिएका थिए । यी जनावरको स्पर्शले मानिसमा सकारात्मक प्रभाव पर्ने आयोजकले प्रचण्डलाई सुनाएका थिए ।

आयुर्वेद र ज्योतिषशास्त्र अनुसार नीलमको माला लगाएर भैँसीको छायामा दुई घन्टा बसी ध्यान गर्दा शनिको किरण सकारात्मकतामा बदलिन्छ भन्ने एकखाले विश्वास छ । आयोजक गुरुहरूले भनेबमोजिम प्रचण्डले ती पशुको स्पर्श गरे, केहीबेर त्यहाँ बसे । यो सबैको तारतम्य मिलाउने पुजारी थिए, कृष्णदासजी महाराज, जो पनि निकै विवादित र गुमनाम भए । त्यस दिन प्रचण्डले कुनै पूजा नगरेको स्वयं आयोजकले धेरैपटक स्पष्टीकरण दिइसकेको छ ।

प्रचण्ड एक नास्तिक मात्र होइनन्, आृना बुवा मुक्तिरामको मृत्युमा किरिया नबस्ने गैरआध्यात्मिक जडसूत्रवादी नेता पनि हुन् । जुन उनका राजनीति सहयात्री बाबुराम भट्टराईकै लाइनमा रहेर धार्मिक अतिवादमा तिखो प्रहार गर्ने व्यक्तिमा गनिन्छन् ।

अन्त्यमा

भारतका प्रधानमन्त्री नरेन्द्र मोदी हिन्दूधर्मका एक अनुयायी मात्र होइनन्, उनी जब्बर हिन्दुवादी नेता पनि हुन् । उनी सन् २००१ देखि गुजरात राज्यको मुख्यमन्त्री हुँदा उनलाई हिन्दूधर्मको पक्षपाती नेताको आरोप लागेको थियो । १४ वर्ष गुजराजको मुख्यमन्त्री भएर विकासका काम गर्दा उनले हिन्दुधर्मको जबर्जस्त पक्षपोषण गरिरहे । सन् २०१४ मा पहिलोपटक भारतको प्रधानमन्त्रीमा निर्वाचित हुँदा समेत उनलाई गैरहिन्दुले विरोध जारी र ाखेका थिए, तर कुशल, चलाख र चतुऱ्याइँका हेडमास्टर मोदीले अहिलेसम्म भारतमा हिन्दुधर्मलाई केन्द्रबिन्दुमा राखेर सबै धर्मावलम्बी समेटेर लान सफल भएका छन् । उनको यो कुशलताबाट स्वयं उनका विरोधी कंग्रेस आईका नेता समेत नतमस्तक छन् ।

उनले प्रधानमन्त्रीकै रूपमा नेपालको तीनपटक भ्रमण गरे । जनकपुरधामदेखि पशुपतिनाथ मन्दिरसम्म, लुम्बिनीदेखि मुक्तिनाथसम्म उनले धार्मिक यात्रा समेत गरे ।

नरेन्द्र मोदी दक्षिण एसियामा हिन्दुधर्म स्थापित गर्न चाहन्छन् र उनी यसलाई संसारभर फैलाउने कोसिसमा छन् । उनले प्रचण्डलाई मात्र हिन्दु मन्दिरको दर्शन-पूजा गराएका होइनन्, विश्वका कैयौँ सरकार प्रमुखलाई समेत यिनले मन्दिर पुऱ्याएका विगतका उदाहरण छन् । उनले अमेरिका, बेलायत, रसियाका सरकार र राष्ट्रप्रमुखलाई गणेश, शिव, हनुमानजी लगायत प्रतीकात्मक मूर्ति उपहार दिएर पठाउने गरेका छन् । अमेरिकी पूर्वराष्ट्रपति बाराक ओबामाले मोदीसँगको भेटपछि भनेका थिए, 'मोदी एक वैज्ञानिक आध्यात्मिक नेता हुन्, यसैले संसारले थेग्न नसकेको धार्मिक बहुसंख्यक नागरिकलाई उनले समेटेर लान सफल भएका छन् ।'

मोदीको चतुऱ्याइँ एक कुशल प्रशासकमा हुनुपर्ने गुण हो । जुन नेपालका नास्तिक वा आस्तिक नेताले सिक्न सक्छन् । नेपाललाई हेर्ने मोदी दृष्टिकोणप्रति हाम्रा अनेकन् असहमति छन्, तर बहुधार्मिक र धर्मनिरपेक्ष मुलुकमा सबै नागरिकलाई एउटै मालामा समान हैसियतमा राख्न मोदी आइडिया नेपालले पनि सिक्न सक्छ । यो स्वयं मोदीले आृनो शासनकालमा प्रमाणित गरिदिएका छन् ।

नेपाल स्वयं बहुसंख्यक हिन्दु, बौद्ध धर्मावलम्बी भएको मुलुक भएकाले अन्य कम जनसंख्या भएका धर्मावलम्बीलाई समेट्न उदार आध्यात्मिक चिन्तनको आवश्यक पर्छ । किरात, मुस्लिम, इस्लाम, जैन, क्रिस्चियन वा अन्य विभिन्न धर्मका नागरिकसँग हिन्दु र बौद्ध धर्मका ठूला मालाहरूमा अटाउन सक्ने उदारता कायम गर्नैपर्छ । प्रचण्ड स्वयंले महाकालेश्वर मन्दिरमा पूजा गरेर मोदीको मन, भारतीय जनता मात्र खुसी बनाएका छैनन्, सबै धर्मका आस्थावान नेपालीमा पनि सकारात्मक प्रभाव परेको छ । यो कुनै भैँसी पूजा र भैँसी उपहारसँगको साइनो होइन । धर्मनिरपेक्ष नेपालमा हिन्दु धर्मको ठूलो मालाभित्र सबैलाई समेट्ने एक धार्मिक सहिष्णुताको धागो हो । धर्ममा हुने उपहास र छेडखानी आतंकको नमुना मात्र हुन् । यसैले जतिसुकै नास्तिक भए पनि धर्मनिरपेक्ष मुलुकको सरकार प्रमुख भएको नाताले बहुसंख्यक नागरिकको प्रतिनिधित्व गर्दै आस्थाबाट टाढा भाग्न मिल्दैन ।

*(साभार: रातोपाटी)*

# संघीय शिक्षा ऐनको सकस

✍ टीका भट्टराई

धेरै अभिभावकलाई निजी विद्यालयमा पैसा तिर्न गाह्रो भएको छ । यद्यपि यी विद्यालयहरूको शुल्क संरचना निकै चौडा छ– हजार मुन्तिरदेखि लाखको वरपरसम्म । सबै अभिभावक फिराद गर्छन्, शुल्क महँगो भयो । अनि नजिकैको विद्यालय विद्यार्थी नपाएर बन्द हुने स्थितिमा पुगेको छ ।

त्यो विद्यालयलाई फुटेको आँखाले पनि हेर्दैनन् । मानौं त्यो भूतघर हो । निजीमा हालेको छ भने शिरदेखि पैतालासम्म स्याहारेर विद्यालय पुऱ्याउनै जान्छन् । सरकारीमा भए बिनाचप्पल बिनाझोला पठाइदिन्छन् । यद्यपि हामीलाई यो थाहा छ– उनीहरूले उठती हुनेमा लगानी गरेका हुन् । विद्यालयहरू (शिक्षक, योजनाकार) अभिभावककै दोष देख्छन्, अभिभावकको चेतना पुगेन ! उनीहरूमा आफूले बनाएको योजना जनसाधारणका लागि उपयुक्त भएन भन्ने न दृष्टिकोण छ न त साहस । पर्याप्त नभए पनि अधिकांश विद्यालयमा सरकारले भवन एवं डेस्क-बेन्चहरूमा लगानी गरेको छ, शिक्षकको तलब पनि दिएको छ । मुख्य कुरा महत्त्व र निगरानीको हो । त्यसमा अभिभावकले सय-पचास थप्ने हो भने त नपुगेको मसलन्द र सामग्री पनि पुग्छ । आखिर पैसा कहिले, कहाँ पुग्छ र ? युरोप-अमेरिकाका विद्यालयमा पनि पैसा पुगेन नै भन्छन् । अभिभावकलाई बाधा सम्झने शिक्षकहरू पनि छन् तर गर्न चाहेर पनि एक्लिएका शिक्षक थुप्रै छन् । अभिभावकले ख्याल गरे विद्यालयहरू साँच्चै सामुदायिक हुन्छन् । सरकारले यतिसम्म गरिरहँदा सचेत हौं भन्ने नागरिकहरूले पनि केही नगर्ने हो भने हाम्रो शिक्षा व्यवस्था धराशायी नै हुन्छ । यस पटकको बजेटमा पनि शिक्षाले जोड पाएन । सांसद कोष त ब्युँताइयो भने पछि राष्ट्रपति शैक्षिक कार्यक्रम जतिसुकै वाहियात भए पनि जारी राखिएकामा के अनौठो मान्नु र ? जे भए पनि नीति तथा कार्यक्रमले संघीय शिक्षा ऐन यही संसद्को अधिवेशनमा पारित गर्ने उद्घोष गरेको छ । यस अवसरलाई उपयोग गर्न सबै जना तयार हुनु जरुरी छ । यो लेख त्यही सन्दर्भवरिपरि लेखिएको छ ।

नयाँ शिक्षा योजनाका कति सकारात्मक पक्ष हुँदाहुँदै पनि मुख्य नकारात्मक पक्ष भनेको यसले गरेको समुदाय र विद्यालयबीचको स्वस्फूर्त सम्बन्धविच्छेद र स्वायत्तताको समाप्ति हो । लेखकलाई सम्झना छ– गाउँका नेता, भद्रभलादमी राम्रा शिक्षक बनाउनका लागि विद्यार्थी खोज्न कलेज पुग्थे । लगेका शिक्षक उनीहरूप्रति जिम्मेवार हुन्थे र उनीहरू पनि शिक्षकप्रति । राज्यले 'शोक र अशिक्षाले ग्रस्त जनताप्रति मेरो जिम्मेवारी छ' भनेपछि जनताले पनि विद्यालयको जिम्मेवारी छोडेका र कति अवस्थामा छुटाइएका पनि हुन् । राज्यले शिक्षकलाई तलब त दियो तर निगरानी र सहयोग पुऱ्याउन सकेन । बिस्तारै अंग्रेजीको मागसँगै हुनेखानेहरू सहर पस्न थालेपछि गाउँका विद्यालयमा पनि आकर्षण रहेन । अझ सदाशयपूर्वक नै विद्यालयहरू नि:शुल्क हुन थालेपछि अभिभावकले झन् आफ्नो विद्यालयप्रति हक जमाउने आधार देखेनन् । करदाता जनसंख्याको आकार एकदम सानो भएकाले विद्यालय हाम्रै करको भरमा चलेको हो भनेर अनुभूति गर्न पनि सकेनन् ।



सरकारले शुल्क उठाउन नदिने र अनुदान पनि पर्याप्त नदिने भएपछि स्कुलहरू प्नि कंगाल हुँदै गए । सित्तैंमा पाइने कुरा महत्त्वको नहुने र विद्यालयमा दरिद्रता पनि बढेकाले विद्यालयहरू झन् उपेक्षित भए । अझै हुनेखाने र सहरियाले आफ्ना नानीहरू निजी विद्यालयमा राख्न थालेपछि त विद्यालयहरू केही शिक्षक र सरकारी एवं गैरसरकारी संस्थालाई रोजगारी दिलाउने माध्यममा सीमित हुँदै आए, भइरहेका छन् । यो सरकारी मात्र होइन नागरिक उपेक्षाको उपज पनि हो । उदाहरणका लागि, अहिलेसम्म सम्भवत: काठमाडौंको माइतीघरको मण्डलाले कुनै घटनाबाहेक शिक्षा क्षेत्रको कुनै विषयमा नागरिकहरूको उपस्थिति देख्न पाएको छैन ।

### गर्ने के होला त ?

एउटा सजिलो जवाफ– बेठीक भएका कुरा उल्टाएर ठीक पार्ने हो । सामुदायिक विद्यालयहरूमा अभिभावकबाट उठेको भरोसा कसरी पुन:स्थापित गर्ने त ? प्रश्न पेचिलै छ । अहिले त्यति बेलाको भन्दा परिस्थिति पनि फरक भइसकेको छ । एक छिन आवेग र उद्वेगलाई, सकिन्छ भने केही स्वार्थलाई पर राखेर ती फरक हेर्ने कोसिस गरौं । मुख्य फरक हो– ३०-४० वर्षमा निजी विद्यालयहरू सहरका मुख्य शिक्षाप्रदायक भएका छन् (प्रदायकहरू सरकार चलाउने कुर्सी र त्यसका वरपर पुगेर आफ्नो सामूहिक स्वार्थको रक्षा गर्न सक्ने पनि भएका छन्) । तर यसले सरकारको खर्च भने बचाएको छैन किनभने अदक्ष शिक्षा व्यवस्थामा सरकारले लगानी गरिराख्नुपरेको छ । समुदायहरू अब विदेशको भिसा पर्खने अस्थायी क्याम्प भएका छन् । अब पैसाबाहेक अर्थोक महत्त्वको विषय रहेन, सरकार होस् वा नागरिक होऊन् ।

अब जहाँ दुईतिहाइभन्दा बढी निजी सेवाप्रदायक छन्, त्यहाँ सार्वजनिक शिक्षालयहरू बन्द गरिदिऔं । त्यस्ता ठाउँका सार्वजनिक शिक्षालयमा जाने विद्यार्थीहरूका लागि भौचरको प्रबन्ध गरौं । आधारभूत तहमा विद्यालयको 'जोनिङ' गरौं र तिनीहरूले समेट्ने सेवाक्षेत्र निर्धारित गरिदिऔं । कुनै सामुदायिक विद्यालयका शिक्षक र सेवा क्षेत्रका अभिभावक समूह मिलेर विद्यालय चलाउन चाहन्छन् भने अमेरिकी चार्टर स्कुलजस्तै प्रतिविद्यार्थी अनुदान दिऔं । त्यस्ता शिक्षकका लागि सरकारले निवृत्तिभरणको मात्र जिम्मा लिए पुग्छ । आधारभूत तहमा सहरमा यातायातका कारण हुने सडक अव्यवस्था र प्रदूषणका कारण पनि सेवा क्षेत्र निर्धारण गर्नु जरुरी छ । यो काम सरकारी एकाइबाट गराउन गाह्रो भए पनि अभिभावकले आफ्ना केटाकेटीको स्वास्थ्य ख्याल गरे भने आफैं हुन सक्छ ।

अहिलेको अर्को मुख्य फरक के हो भने, हाम्रासामु संविधानप्रदत्त अधिकारवाला स्थानीय तहहरू छन् । कम्तीमा उपमहानगर पालिकासम्मले यस्तो व्यवस्थापन गर्न सक्छन् । यस्ता नगरपालिकाहरू तात्त्विक रूपमा शिक्षामा फरक पार्न निजी विद्यालयहरूको व्यवस्थापनमा उत्रिनु आवश्यक छ । संघीय सरकारले उतार्ने नीति अख्तियार गर्नु जरुरी छ । हाम्रो समरूपीकरण अर्थात् सबैतिर एउटै नियम चाहिन्छ भन्ने भूत उतार्नु जरुरी छ । नत्र संघीयताको पनि अर्थ हुँदैन । विद्यालयको शासकीय स्वरूप विद्यालयपिच्छे फरक हुन दिनुपर्छ । अहिले हामीमा हरेक विद्यार्थी फरक हुन्छ, उसको सिकाइ र रुचि फरक हुन्छ अनि उसलाई उही अनुसारको शिक्षा दिनुपर्छ भन्ने चेत आइसक्यो । फरक परिस्थितिका विद्यालय कसरी ठ्याक्कै उस्तै नियमले चल्न सक्छन् ?

नगरपालिकाहरूबाट जोगिएको स्रोत ग्रामीण क्षेत्रका गाउँपालिकाहरूमा थप्न सकिन्छ । दुईतिहाइभन्दा कम निजी विद्यालय भएका पालिकाहरूमा निजी विद्यालय राख्ने वा नराख्ने निर्णय ती पालिकाहरूलाई नै गर्न दिए हुन्छ । ग्रामीण क्षेत्रका विद्यालयहरू पनि जोनिङ गरी स्रोत प्रवाह बढाएर सञ्चालन गर्दा अब्बल बन्दै गए भने सहरी जनसंख्या गाउँ फर्किन सक्छ, सम्पूर्ण आप्रवासन र सहरी केन्द्रीकरणको समस्या पनि घट्न सक्छ । निजी उर्फ संस्थागत विद्यालय कम भएका पालिकाहरूमा शिक्षकको वेतन पनि उच्च राखौं जसले गर्दा सहरमुखी शिक्षक पनि गाउँ फर्कन उत्सुक होऊन् । यसले नेपाललाई आवश्यक पर्ने विषयमा पालिका तहमा जनशक्ति निर्माण गर्न पनि प्रोत्साहित गर्ला । अब पाठ्यक्रम र शिक्षण छनोटभन्दा अरू विषयको व्यवस्थापन जसरी पनि सानो स्केलमा नगरी हुन्न । अहिले

**पालिकाहरूले कर धेरै लगाए भन्ने जनअसन्तुष्टि रहिरहेको भए पनि शिक्षामा ध्यान बढाउनसमेत शिक्षाको व्यवस्थापनमा खर्च जुटाउन शिक्षा कर लगाउनु जरुरी छरु। प्रत्यक्ष कर तिर्नु नपरेकाले पनि जनसाधारणले शिक्षामा चासो नदिएका हुन्।**

केन्द्रीकरणले खर्च पनि बढाएको छ ।

समुदाय तथा अभिभावकले गर्ने योगदानको पनि मौद्रिकीकरण गर्नुपर्ने भएपछि सञ्चालनको काम निकै महँगो पर्न जान्छ । जनप्रतिनिधि र अभिभावकको सहभागिता र शिक्षकको निर्णायकत्व बढाएर पनि खर्च कम गर्न सकिन्छ । यथार्थमा पालिकाका वा अहिलेको शिक्षा एकाइका अधिकृतजति क्षमताको काम सेवा आयोग उत्तीर्ण गरेका शिक्षकहरूले निर्णय गर्न सक्छन् । अहिले सबै ठाउँमा संघीयता अदक्ष भएको स्थानीय तह थपिएकाले होइन कि केन्द्रीय तहका संरचना नघट्नाले हो । शिक्षामा पनि यसो गर्नु जरुरी छ । पालिकाहरूले कर धेरै लगाए भन्ने जनअसन्तुष्टि रहिरहेको भए पनि शिक्षामा ध्यान बढाउनसमेत शिक्षाको व्यवस्थापनमा खर्च जुटाउन शिक्षा कर लगाउनु जरुरी छ । प्रत्यक्ष कर तिर्नु नपरेकाले पनि जनसाधारणले शिक्षामा चासो नदिएका हुन् । सरकारहरूले सेवा आपूर्तिमा मात्र जोड दिएर हुँदैन, सेवा आपूर्तिको गुणस्तर कायम राख्न माग र सहभागिता बढाउनु पनि आवश्यक हुन्छ ।

यति बेला हामी संघीय शिक्षा ऐन भरेभोलि हुनुपर्ने अवस्थामा छौं । माथिका विषयलाई नयाँ शिराबाट विचार गरेर मात्र हामी अघि बढ्न सक्छौं । अरू कुरा (सम्भवत: भ्रष्टाचारबाहेक) बाट भन्दा पनि हाम्रो देश शिक्षा ध्वस्त भएर असफल हुने स्थितिमा छ । त्यसैले हतारपतार गरेर अनिवार्य शिक्षाजस्तो ऐन मात्र ल्याउनेभन्दा विशद छलफल र बहुपक्षीय सहमति गरेर विधेयक पारित गर्नु जरुरी छ । यसका लागि दलीय शिखर सम्मेलन गर्नु आवश्यक छ । यस्तो प्रक्रियाको अगुवाइ उदीयमान दलहरूले पनि गर्न सक्छन् । शिक्षा राजनीतिक सवाल भयो भने पक्कै उपाय पनि निस्कन्छ, सहमति पनि जुट्छ । कुरा प्राविधिक रूपमा सही मात्र हुनुभन्दा पनि सरोकारवालाबीच सहमति जुटाइए मात्र प्रभावकारी रूपमा कार्यान्वयन हुन सक्छ । शिक्षा हरेक घरको मुख्य चासोहरूमा पर्छ नै, अब यसलाई सार्वजनिक चासोको विषय पनि बनाऔं ।

*साभार: ई-कान्तिपुर*

# यानपावरवालाले श्रमिकलाई ठगेर कमाएको कालोधन सेतो बनाउँदै सरकार

काठमाडौं/वैदेशिक रोजगार (म्यानपावर) कम्पनी र शैक्षिक परामर्शदाता (कन्सल्टेन्सी)ले आर्जन गरेको अवैध सम्पत्तिलाई वैध बनाउन सक्ने भएका छन् । सरकारले आर्थिक विधेयक-२०७९ मार्फत म्यानपावर र शैक्षिक परामर्शदाता कम्पनीले विगतमा आय लुकाएको भएमा सो खुलासा गरेमा कर मात्रै लाग्ने व्यवस्था गरेको छ । सरकारले यस्तो आय स्वघोषणा गर्नेलाई शुल्क र ब्याज मिनाहाको घोषणा बजेटमार्फत गरेको छ ।

अहिले म्यानपावर व्यवसायीले वार्षिक रुपमा आय कर तिरेरै कम्पनी चलाइरहेका छन् । उनीहरुले गरेको वैध सम्पत्तिको आयकरमा कुनै विवाद र समस्या नरहेको अवस्थामै नै सरकारले लुकाइएका सम्पत्तिलाई वैध बनाउन बाटो खोल्ने गरी बजेटमार्फत कानुन ल्याएको छ ।

'वैदेशिक रोजगार वा शैक्षिक परामर्श सेवा व्यवसाय गर्ने व्यक्तिलाई छुट सम्बन्धी विशेष व्यवस्था: वैदेशिक रोजगार वा शैक्षिक परामर्श सेवा व्यवसाय गर्ने व्यक्तिले विगतका आर्थिक वर्षहरूमा आयकर ऐन, २०५८ बमोजिम स्वदेश तथा विदेशबाट प्राप्त वास्तविक आय घोषणा नगरेको वा वास्तविक कर दाखिल नगरेको भए त्यस्तो आय घोषणा गरी सम्वत्रु २०८० साल चैत मसान्तभित्र सोमा लाग्ने आयकर दाखिला गरेमा सोमा लाग्ने शुल्क तथा ब्याज मिनाहा हुनेछ,' आर्थिक विधेयक-२०८० मा भनिएको छ ।

यसले विगतमा म्यानपावर व्यवसायी र कन्सल्टेन्सी सञ्चालकहरुले आर्जन गरेर स्रोत खुलाउन नसकेको अवैध सम्पत्तिलाई वैध बनाउने बाटो खोलेको अर्थ मन्त्रालयका अधिकारीहरु नै बताउँछन् । उनीहरुका अनुसार सरकारले आय घोषणा गर्ने कुनै समयसीमा समेत नराखेकाले म्यानपावर कम्पनी खुलेदेखिकै सबै लुकाएका आय देखाएमा कर तिर्न मिल्ने व्यवस्था गरिएको हो ।


हाल म्यापावर कम्पनीले कानुनत: मलेसिया र खाडी मुलुकहरुमा पठाउने श्रमिकबाट सेवा शुल्कको नाममा १० हजार रुपैयाँ मात्र लिन पाउने व्यवस्था छ । तर, उनीहरुले प्रति कामदार डेढ लाखदेखि ४ लाख रुपैयाँसम्म रकम असुल गर्दै आएका छन् । तर, प्रति कामदार १० हजार रुपैयाँ सेवा शुल्कलाई मात्रै वैधानिक आम्दानीका रुपमा देखाउन पाउने भएकाले उनीहरुले ठगीबाट भएको करोडौंको अवैध आर्जन वैधानिक बनाउन सकेका छैनन् ।

त्यही अवैध सम्पत्तिको स्वघोषणा गर्न माग गरिरहेका म्यानपावर व्यवसायीलाई सरकारले कम्पनीको आय स्वघोषणा गरेमा कर लिएर वैध आर्जनको मान्यता दिन लागेको हो । यसका लागि श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शरतसिंह भण्डारी आफैंले पहल गरेको अर्थ मन्त्रालयका अधिकारीहरु बताउँछन् ।

यो व्यवस्थाले विदेश पठाउने श्रमिकलाई ठगी गरेर कमाएको सम्पत्तिको वास्तविक स्रोत खुलाउन नसकेर सम्पत्ति शुद्धीकरण विभागको अनुसन्धानमा परेका म्यानपावर व्यवसायी र मानव तस्करी र ठगीमा मुछिएका कन्सल्टेन्सीका सञ्चालकहरुले लाभ पाउने भएका छन् । २१ असार २०७२ मा नि:शुल्क भिसा र टिकटको नीति लागु हुनुअघि पठाएका श्रमिकको विवरणका आधारमा अवैध असुलीबाट भएको आयलाई पनि 'ह्वाइट मनी' बनाउन यसले बाटो खालेको छ ।

तर, सरकारको यो कदम सम्पत्ति शुद्धीकरणको अन्तर्राष्ट्रिय प्रतिवद्धता, कानुन र राष्ट्रिय नीति, नियम र ऐन विपरीत छ । ठगी र मानव बेचबिखनबाट आर्जन भएको कालोधनलाई पनि वैध बनाउन मिल्ने गरी यो व्यवस्था आएको छ ।

यो घोषणाले नेपाललाई सम्पत्ति शुद्धीकरणसम्बन्धी अन्तर्राष्ट्रिय छाता संगठन वित्तीय कारवाही कार्यदल वा फाइनान्सियल एक्सन टास्कफोर्स (एफएटीएफ)को 'ग्रे लिस्ट'मा गर्ने जोखिम झन बढाएको छ । सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) निवारण ऐन, २०६४मा जुनसुकै प्रकारको मानव बेचबिखन तथा ओसारपसार, ठगी, कर (प्रत्यक्ष वा अप्रत्यक्ष समेत) र आपराधिक लाभ (एक्स्टर्सन) सम्बन्धी कसूरलाई सम्पत्ति शुद्धीकरणको सम्बद्ध कसूर (प्रेडिकेट अफेन्स) मा राखिएको छ । सरकारले दिएको कर छुट यिनै कानुन विपरीतका आर्जनहरुमा आधारित हुने जोखिम उच्च छ ।




सम्पत्ति शुद्धीकरण विभागका महानिर्देशक तारानाथ अधिकारी आर्थिक ऐनले वैध आर्जनलाई मात्रै कर लिने गरी व्यवस्था गरेको हुनसक्ने बताउँछन् । वैध आम्दानीमा कर तिर्न छुट सुविधा दिन समस्या नपर्ने उनको भनाइ छ । 'राज्यले अवैध रुपमा आर्जित सम्पत्तिलाई वैधता दिने गरी कानुन बनाउँदैन,' उनले भने, 'यो व्यवस्था विगतमा कर तिर्न छुटेका म्यानपावर कम्पनीलाई वैध आर्जनमा कर तिर्न अवसर दिने गरी आएको हुनुपर्छ ।'

वैदेशिक रोजगार विभागका प्रवक्ता गुरुदत्त सुवेदी पनि १० हजारभन्दा बढी सेवा शुल्क लिएको देखिने आय विवरण सरकारसम्म आएमा त्यो सोझै ठगी आकर्षित हुने बताउँछन् । 'म्यानपावर व्यवसायीले श्रमिक पठाएबापत विदेशका रोजगारदाता कम्पनीबाट पनि शुल्क पाएका हुन्छन्,' उनले भने, 'त्यही शुल्क विगतमा नदेखाएको भएर अहिले देखाएर कर तिर्न मिल्ने गर्न लागिएको हुनसक्छ, १० हजारभन्दा बढी सेवा शुल्क लिएँ भनेर त सरकारलाई जानकारी दिए त सोझै ठगी नै ठहरिन्छ ।'

तर, आय र आय करको विवरण गोप्य राख्ने सरकारी नीतिलाई देखाएर सरकार म्यानपावर र कन्सेल्टेन्सीले अवैध रुपमा आएको कलोधन सेतो बनाउन दिने बाटोमा खुला रुपमा लागेको छ ।

### सेवाशुल्क बढाउने र थप कर उठाउने तयारी

मन्त्री भण्डारीले सार्वजनिक रुपमै सरकारको नि:शुल्क भिसा र टिकटको नीतिका कारण खर्च धान्न व्यवसायीले तोकिएकोभन्दा धेरै शुल्क उठाउन बाध्य हुन परेको र त्यसले राज्यको आम्दानीसमेत गुमेको बताउँदै आएका छन् । १८ वैशाखमा वैदेशिक रोजगारीका क्षेत्रका सञ्चार कर्मीहरूसँग कुरा गर्दै श्रममन्त्री भण्डारीले श्रमिकले नि:शुल्क भिसा र टिकट पाउने नीति व्यावहारिक नभएको बताएका थिए । कर असुली बढाउनसमेत १० हजार सेवा शुल्कको नीति पुनरवलोकनको गर्नुपर्ने भन्दै मन्त्री भण्डारीले नयाँ सेवा शुल्क कति तोक्ने भन्ने विषयमा छलफल गर्नुपर्ने समय भइसकेको धारणा राखेका थिए ।

'श्रमिकको एक महिनाको तलब बराबर शुल्क उठाउन दिने हो भने व्यवसायीहरूले आफ्नै फाइदा हेरेर धेरै आम्दानी हुने काम खोजिदिन सक्लान्, श्रमिक र व्यवसायी दुवैलाई यसले राम्रो गर्थ्यो,' मन्त्री भण्डारीले भनेका थिए । त्यसलगत्तै उनले मन्त्रालयका सहसचिव राजीव पोखरेको संयोजकत्वमा एक समिति बनाएर नि:शुल्क भिसा र टिकटको नीति खारेज गर्न गृहकार्य अघि बढाएका छन् । उनले विगतको सम्पत्ति वैध बनाउन दिंदा र भविष्यमा गर्ने आयलाई वैधानिक गराउने गरी सेवा शुल्क बढाउदा राजस्व बढ्ने भन्दै अर्थ मन्त्रालयलाइ कन्भिन्स गराएका हुन् । यसकै आधारमा यो वर्षको आर्थिक विधेयकमा नै म्यानपावरले गरेको सबै आयलाई वैध बनाउन मिल्ने गरी कानुनी बाटो खोलेको हो ।

### अवैध आयमा कर

आर्थिक ऐनले विगतका आय देखाएर कर तिर्न सकिने कस्तो व्यवस्था हो ? भन्ने अनलाइनखबरको प्रश्नमा आन्तरिक राजस्व विभागका महानिर्देशक दीर्घराज मैनाली आर्थिक ऐनमा जे लेखिएको छ, त्यही हुबहु लागु हुने जवाफ दिए । कर र अवैध आयमा छुट नदिइएको भन्दै उनले व्यवस्थाको बचाउ गरे ।

'यति कामदार पठाएँ भन्ने वा अन्य कुनै तथ्यांकले पुष्टि हुने गरी म्यानपावर कम्पनीले आय देखाउँछ भने कर लिन्छौं, त्यसको लागि फर्म्याट विकास गर्छौं,' मैनालीले भने, 'म्यानपावर दर्ता गरेर मान्छे नै पठाएको छैन तर, १० करोड कमाएँ भन्छ भने त कर लिने कुरा हुँदैन ।' दर्ता रहेका म्यानपावरले देखाउने सबै किसिमका आयमा कर बुझ्ने उनको संकेत थियो ।

तर, १० हजारभन्दा बढी सेवा शुल्क लिएको ठहरिने गरी आय घोषणा गरेका व्यवसायीलाई छुट दिन मिल्छ र ? भन्ने प्रश्नमा मैनालीले प्रतिप्रश्न गरे, 'तपाईंहरुलाई नै थाहा छ, म्यानपावरले श्रमिक पठाउँदा १० हजार मात्रै लिन्छन् त ?'

'म्यानपावर कम्पनीले १० हजारभन्दा बढी लिएको छु' भनेर घोषणा गरेको अवस्थामा कर बुझ्नु हुन्छ त ? भन्ने अर्को प्रश्नमा महानिर्देशक मैनालीले भने, 'बुझाइरहेका छन् नि ! पहिला कतिले बुझाएका पनि थिए ।'

सरकारको नियम विपरीत १० हजारभन्दा बढी सेवा शुल्क लिने काम त ठगी भएन र ? भन्ने अर्को प्रश्नमा मैनाली भन्छन्, 'त्यो त आन्तरिक राजस्व विभागको महानिर्देशकका रुपमा मैले भन्न सक्दिनँ, श्रम (मन्त्रालय)मै सोध्नुपर्छ । कतिपयले मान्छे पठाए पनि डिक्लेयर नभएको धेरै कुरा छ त्यसमा ।'

आउँदो साउनमा यो कर तिर्ने व्यवस्थाबारे फर्म्याट विकास भएसँगै धेरै कुरा स्पष्ट हुने उनले बताए । १० हजारभन्दा बढी सेवा शुल्क लिएका छन् भने त्यसमा सम्बन्धित निकायले कारबाही गर्नुपर्ने आन्तरिक राजस्व विभागको मत छ । 'अहिलेसम्म ठगीमा त्यस्ता मान्छेलाई कारवाही भएको छ ?' महानिर्देशक मैनालीले भने, 'आय कर ऐनले अवैधबाहेकका काम र आर्थिक गतिविधि गरेर आर्जन गरेको छ भने कर लिन्छ, अवैधलाई त यसै मिल्दैन ।'

अर्थ मन्त्रालयका एक अधिकारी दर्ता भएका कम्पनीले गरेको आर्थिक कारोबार घोषणा गरेर आय देखाएमा आय कर ऐनअनुसार कर बुझ्न समस्या नहुने बताउँछन् । 'यो २०६५ सालमा तत्कालीन प्रधानमन्त्री बाबुराम भट्टराईले सम्पत्तिको स्वघोषणा गरेर कर तिर्नसक्ने व्यवस्था गरेजस्तै हो, हामीले चाहिँ कम्पनीको आयमा यस्तो स्वघोषणा गर्न दिएका हौं,' ती अधिकारीले भने, 'हामी म्यानपावर कम्पनीले श्रमिकसँग १० हजार लिए कि लिएनन् भनेर हेर्दैनौं, कम्पनीले कुनै पनि स्रोतबाट आय देखाएर कर तिर्न चाहेमा लिन्छौं ।'

ठगीको मामिला वैदेशिक रोजगार विभागले हेर्ने भन्दै उनले अर्थ मन्त्रालयले आय कर ऐनको व्यवस्था अनुसार अघि बढ्ने बताए । 'यो आय लुकाएकाहरुलाई दिइएको अफर हो, राज्यले यस्तो अफर दिनसक्छ,' ती अधिकारीले भने ।

### श्रमिकको ढाड सेक्दै ठगीलाई संरक्षण

थुप्रिएको कालोधनलाई सेतो धन बनाउने मात्रै हैन, विदेशिने श्रमिकसँग भविष्यमा वैध रुपमै कुस्त रकम असुल्न दिने र त्यसका कर समेत लिने सरकारी योजना छ । वैदेशिक रोजगार व्यवसायीले श्रमिकसँग असुल्ने सेवा शुल्कमा एक प्रतिशत वैदेशिक रोजगार सेवा शुल्क लिने गरी आर्थिक ऐन आएको छ ।

अहिले १० हजार रुपैयाँको सेवा शुल्कको रसिद बनाएका व्यवसायीले त्यसको एक प्रतिशत अर्थात् प्रति कामदर १०० रुपैयाँ वैदेशिक रोगार सेवा शुल्क तिर्नुपर्ने छ । तर, त्यसको भार अन्तत: श्रमिकमाथि नै थोपर्ने सरकारी योजना छ ।

विगतको सबै ठगीबाट आर्जित सम्पत्तिलाई वैध बनाउन दिने र कम्तीमा एक महिना तलब बराबर म्यानपावर व्यवसायीले श्रमिकसँग उठाउन मिल्ने गरी नयाँ व्यवस्था गर्न श्रम मन्त्रालयले अघि बढिसकेको गरिसकेको छ । 'श्रममन्त्रीज्यूले निकट भविष्यमै श्रमिकले म्यानपावर कम्पनीलाई तिर्ने सेवा शुल्क बढाउँदैछु भनेपछि हामीले त्यसमा एक प्रतिशत कर लिने निर्णय गरेका हौं,' अर्थ मन्त्रालय स्रोतले भन्यो, 'यसले म्यानपावरलाई पनि वैध आम्दानीमा बाँध्छ, सरकारको राजस्व पनि बढ्छ ।'

वैदेशिक रोजगार व्यवसायी संघका अध्यक्ष राजेन्द्र भण्डारी सरकारले गरेको कर सम्बन्धी व्यवस्थामा आफूहरुको आपत्ति नरहेको बताउँछन् । 'हामीले श्रमिकसँग लिएको सेवा शुल्कमा एक प्रतिशत सरकारलाई दिनुपर्छ भने आपत्ति हुँदैन, 'उनले भने, 'तर अहिलेको सेवा शुल्कलाई पुनरवलोकनमार्फत व्यवहारिक बनाएर वैदेशिक रोजगारीको क्षेत्रलाई दिगो रुपमा मर्यादित र व्यवस्थित गर्न अति जरुरी छ ।'

वैदेशिक रोजगार विभागका अधिकारीहरु भने म्यानपावर कम्पनीमाथि लगाइएको कर अन्तत: श्रमिकमाथि नै पर्ने बताउँछन् । 'म्यानपावर व्यवसायीले यही करका नाममा थप शुल्क उठाउँछन्, 'विभागका एक अधिकारी भन्छन्, 'विगतमा ठगेर र मानव तस्करी गरेर कमाएको धन वैध बनाउन पनि पाइने र सेवा शुल्क बढाएर करका नाममा थप रकम श्रमिकसँग पनि असुल्न पाइने भएपछि म्यानपावर र कन्सल्टेन्सी सञ्चालकलाई त दशैं नै आउने भयो ।'

पूर्वन्यायाधीश गौरीबहादुर कार्की अवैध रुपमा आर्जित सम्पत्तिलाई शुद्धीकरण गर्न दूषित उद्देश्यले आर्थिक विधेयकमा यस्तो व्यवस्था गरेको बताउँछन् । 'यस्ता स्वार्थ समूहले सरकारलाई नै किन्न खोज्छन्,' उनी भन्छन्, '२ नम्बरी काम गरेर अवैध स्रोतबाट आर्जन गरेको सम्पत्ति कर तिरेर वैध बनाउन व्यवसायीहरु लामो समयदेखि प्रयासरत छन्, अब सरकार गैरकानुनी रुपमै सम्पत्ति शुद्धीकरण गर्न लागेको छ ।'

झट्ट हेर्दा यस्तो कार्यबाट हेर्दा कर उठेकोजस्तो देखिए पनि सरकारी कदमले नेपाल एफएटीएफको कालोसूचीमा पर्ने जोखिम बढाएको उनको भनाइ छ ।

'सर्वसाधारण जनताले यस्तो मामिला कमै बुझ्छन्, वैध आम्दानीमा कर बढाउँदै लगेको सरकारले अवैध आम्दानीमा त्यस्तै दरमा कर लिएर शुल्क र ब्याज मिनाहा दिने कुराले नै यो स्वार्थप्रेरित रहेको प्ष्ट पार्छ,' उनी भन्छन्,'गैरकानुनी रुपमा गरेको आयमा कर लिनु सम्पत्ति शुद्धीकरण नै हो ।'

*(स्रोत: अनलाइनखबर)*


## के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
*The complete office solution*
*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*
*tonerhouse_htd@yahoo.com*


# कांग्रेस महामन्त्री थापा मकवानपुर आउँदै

साझाकुरा संवाददाता

हेटौंडा, २२ जेठ/नेपाली कांग्रेस मकवानपुरको प्रतिनिधिसभा समिति र प्रदेशसभा क्षेत्र समितिको सम्मेलनमा सहभागी हुन पूर्वमन्त्री तथा कांग्रेसका महामन्त्री गगन थापा जिल्ला आउने भएका छन् ।

नेपाली कांग्रेस मकवानपुर प्रतिनिधिसभा क्षेत्र २ र प्रदेशसभा २ को (ख) समितिको आयोजनामा यही जेठ २९ गते सोमबार हुने क्षेत्रीय सम्मेलनलाई सम्बोधन गर्न महामन्त्री थापा मकवानपुर आउन लागेका हुन् ।



मकवानपुरको वडादेखि क्षेत्रीय समितिहरुमा भएको सम्मेलनमा केन्द्रीयस्तरका नेता पहिलो पटक आउन लागेका हुन् । यसअघि कांग्रेस सहमहामन्त्री महालक्ष्मी उपाध्याय डीनाले जिल्लास्थित पार्टीका विभिन्न तहको सम्मेलनलाई सम्बोधन गर्दै आइरहेकी थिइन् ।

सोमबार हेटौंडामा पत्रकार सम्मेलन गर्दै क्षेत्र नम्बर २ का संघीय सभापति लोकबहादुर मोक्तानले उक्त सम्मेलनमा कांग्रेस मकवानपुर प्रतिनिधिसभा क्षेत्र २ र प्रदेशसभा (ख) को सबै वडाका पदाधिकारी, वडाका प्रतिनिधि र क्रियाशील सदस्यहरुको सहभागितामा रहने बताएका छन् । करिब १ हजार जनाको सहभागिता रहने सम्मेलनमा महामन्त्री थापाले मकवानपुर कांग्रेसमा देखिएको समस्या हल गराउन समन्वयकारी भुमिका खेल्न सक्ने क्षेत्र नम्बर २ (ख) का प्रदेशसभा सभापति रञ्जन कालाखेतीले बताए । कालाखेतीले कांग्रेसभित्र देखिएको आन्तरिक समस्या हटाउन थापाको आगमनले सकारात्मक भूमिका खेल्ने विश्वास लिए ।

# साइकलप्रेमीको वातावरण दिवस

साझाकुरा संवाददाता

हेटौंडा, २२ जेठ/हिमालयन राइडर्स सोसाइटीको आयोजना र हेटौंडा उपमहानगरपालिकाको समन्वयमा विश्व वातावरण दिवस २०८० को उपलक्ष्यमा करिव २ सय जनाले साइकल र्‍याली गरेका छन् ।



हुप्राचौरबाट सुरु भएको साइकल र्‍याली हेटौंडा औद्योगिक क्षेत्र, कमाने हुँदै गौरीटार रंगशालाबाट चौघडा, हेटौंडा, बुद्धचोक हुँदै बनस्खण्डी मन्दिरमा पुगेको थियो । बनस्खण्डी मन्दिर सरसफाई कार्यक्रम गरी वातावरणीय सचेतनामूलक साइकल र्‍याली सम्पन्न गरिएको थियो ।

कार्यक्रमका प्रमुख अतिथि हेटौडा उपमहानगरपालिका उपमेयर राजेश बानियाँ, विशेष अतिथि शसस्त्र प्रहरी उपरीक्षक अनिल कार्की, वडा नं २ का अध्यक्ष बिष्णुगोपाल महर्जन, वडा नं ५ का अध्यक्ष शुशील घिमिरे, बनस्खण्डी मन्दिर संरक्षक समिति अध्यक्ष राममान श्रेष्ठ, बारा राइडर्सका अध्यक्ष शेषराज अधिकारी रहेका थिए । कार्यक्रमको अध्यक्षता हिमालयन राइडर्स सोसाइटीका अध्यक्ष रामकुमार श्रेष्ठले गरेका थिए ।

कार्यक्रममा उपमेयर बानियाँले हिमालयन राइडर्स सोसाइटीले साइकलसँगै सरसफाई अभियान चलाइरहेको खुशी लागेको बताए । उपमहानगरपालिकाले सदैव साथ, सहयोग गर्ने बताउँदै हेटौंडालाई साइकलमैत्री सहर बनाउनका लागि मिलेर अगाडि बढ्ने बताए । कार्यक्रममा बिभिन्न बिधामा साइकलसम्बन्धी क्रियाक्लापमा सक्रिय साइकलप्रेमीलाइ सम्मान तथा उपस्थित अतिथिलाई मायाको चिनो प्रदान गरिएको सोसाइटीका सचिव लेखनाथ ढकालले बताए ।

# फापरवारीमा कांग्रेसको गाउँपालिकास्तरीय सम्मेलन

साझाकुरा संवाददाता

हेटौंडा, २२ जेठ/जिल्लाको पुर्वी क्षेत्रस्थित बागमती गाउँपालिकाको फापरवारीमा नेपाली कांग्रेस बागमती गाउँपालिकाको पालिकास्तरीय सम्मेलन भएको छ ।

कांग्रेसको केन्द्रीय परिपत्र बमोजिम वडा, गाउँपालिका, क्षेत्र, संघीय, जिल्ला र प्रदेशको सम्मेलन गर्ने कार्यक्रम अन्तरगत कांग्रेसको बागमती गाउँपालिकाको सम्मेलन भएको हो । कांग्रेस बागमती गाउँपालिका सभापति फणिन्द्र तिमल्सिनाको सभाध्यक्षता, कांग्रेस केन्द्रीय सहमहामन्त्री महालक्ष्मी उपाध्याय डीनाको प्रमुख आतिथ्यता तथा कांग्रेस बागमती प्रदेश सभापति इन्द्रबहादुर बानियाँको विशिष्ट आतिथ्यतामा गाउँपालिकास्तरीय सम्मेलन भएको थियो । कार्यक्रममा कांग्रेस बागमती गाउँपालिकाका नेता तथा कार्यकर्ताको जिज्ञासा र पार्टीको भावी रणनीतिको बारेमा नेताद्वय डीना र बानियाँले जवाफ दिएका थिए ।

सम्मेलनमा कांग्रेस बागमती प्रदेश सदस्य भक्तबहादुर राई, कांग्रेस मकवानपुर सभापति बुद्ध लामा, निवर्तमान कार्यवाहक सभापति विष्णुप्रसाद लामिछाने, पूर्वसभापति रघुरमण न्यौपाने, कांग्रेस जिल्ला सचिव ईश्वर पाठक, सहसचिव इन्दिरा न्यौपाने, जिल्ला सदस्य आनन्दराम पराजुली, संघीय सभापति दामोदर खनाल, बागमती प्रदेशसभा सदस्यद्वय समिता खड्गी र लक्ष्मी श्रेष्ठ, कांग्रेस नेता ठगेन्द्र वाईवा, पूर्वक्षेत्रीय उपसभापति डिल्लीप्रसाद घोरासैनी, बागमती गाउँपालिका उपसभापति जगतबहादुर भ्लोनलगायतले मन्तव्य व्यक्त गरेका थिए ।


साझाकुरा


"तपाईं, हामी सबैको कुरा"

कोरोना महामारीले समस्याग्रस्त अवस्थामा पनि हाम्रो प्रकाशन रोकिएको छैन, निरन्तर जारी छ ।

हामी तपाईंहरुकै माझमा छौं, पाठकको चाहनालाई मध्यनजर गर्दै परिष्कृत ढंगले अघि बढ्दैछौं ।

प्रकाशनको वर्षदेखि निरन्तर 'क' वर्गमा सूचिकृत

साझाकुरा
राष्ट्रिय दैनिक



वेबसाइटमा संसारभरबाट पढ्न सकिनन्छ ।
www.sajhakuranews.com

# बागमती सरकारले घटाएको भाडादर लागू भएन

साझाकुरा संवाददाता

हेटौंडा, २२ जेठ/ सिन्धुपाल्चोक बाह्रबिसेकी प्रमिला तामाङ गत बिहीबार ३ सय ५० रुपैयाँ गाडी भाडा तिरेर काठमाडौं आइन् । तर, काठमाडौं-बाह्रबिसेको भाडा अहिले २ सय ९५ रुपैयाँ मात्र छ । पहिला ३ सय ८ रुपैयाँ थियो । वागमती प्रदेश सरकारले गत जेठ ११ मा प्रदेश राजपत्रमा सूचना प्रकाशन गर्दै उक्त रुटको भाडा २ सय ९५ रुपैयाँ निर्धारण गरेको हो ।



गाडीवालाले भने चाहिने भन्दा ५५ रुपैयाँ बढी भाडा असुलिरहेका छन् । 'भाडा घट्यो भनेको सुनेकी हुँ,' उनले भनिन्, 'जिल्लातिर त पहिलाकै जति असुलिरहेका छन् ।' वागमती प्रदेशस्थित श्रम, रोजगार तथा यातायात मन्त्रालयले घटेको भाडा कार्यान्वयनमा ल्याउन सकेको छैन । समस्या प्रमिलाको मात्र होइन, काठमाडौं उपत्यकामा स्थानीय रुटमा चल्ने सवारीसाधनले पनि घटेको भाडा कार्यान्वयन गरेका छैनन् । उपत्यकाको भित्री रुटमा चल्ने सवारीसाधनले त झन् आफूखुसी भाडा असुलिरहेका छन् ।

भाडा घटेको दुई साता हुन लाग्दा पनि पहिल्यैको भाडा लिने गरेको काठमाडौं जयबागेश्वरीका सरोज अर्याल बताउँछन् । 'जयबागेश्वरीबाट पेप्सीकोला नियमित रुपमा सार्वजनिक गाडी चढेर जान्छु,' उनले भने, 'सधैं २५ रुपैयाँ भाडा तिर्छु, भाडा घटेको सुने पनि गाडीवालाले अहिलेसम्म लागू नै गरेका छैनन् ।' भाडा घटेका बेला किन बढी लिएको भनेर सोध्दा उल्टै थाहा छैन भन्दै गाडीवाला पन्छिने गरेको उनले गुनासो गरे ।

'पहिला भाडा बढ्नसाथ गाडीवालाले गाडीमै टाँस्थे, बढेकै दिनबाट बढी भाडा उठाउँथे,' उनले भने, 'तर अहिले भाडा घटेको दुई साता हुन लाग्यो, न घटेको भाडादर गाडीमा टाँसिएको छ, न गाडीवालाले घटेको भाडादर नै लागू गरेका छन् ।' अहिले पनि व्यवसायीले आफूखुसी भाडा उठाइरहे पनि नियामक निकाय मूकदर्शक बनेको छ । काठमाडौं उपत्यकामा सार्वजनिक सवारी प्रयोग गर्ने धेरैजसो यात्रुको गुनासो एउटै छ– कागजमा भाडा घट्यो, गाडीवालाले घटाएनन् । कपन भंगालकी सावित्री श्रेष्ठ सुरुमा २० रुपैयाँ भाडा तिरेर चाबहिल पुग्थिन् । पछि गाडीवालाले भाडा बढेको भनेपछि २५ रुपैयाँ तिर्न थालिन् ।

'सुरुमा २० रुपैयाँ भाडा हो, बढी पैसा तिर्दिनँ भन्दा भाडा बढेको छ, २५ रुपैयाँ नतिर्ने भए गाडी नचढ्नू भन्दै पैसा उठाउनेले हप्कीदप्की नै गरे,' उनले भनिन्, 'अहिले भाडा घट्यो भनेर सुनेकाले किन बढी भाडा लिएको भनेर सोध्दा गाडीवाला बोल्दैनन्, जबर्जस्ती बढी भाडा उठाइरहेका छन् ।' जबकि भंगाल साफ्रेढुंगा पुलदेखि चाबहिल सम्मको दूरी करिब ५ किमि छ । वागमती प्रदेश सरकारले राजपत्रमा प्रकाशन गरेको भाडादरको सूचीमा ५ किमि दूरीसम्म घटेको भाडा १९ रुपैयाँ कायम छ । गाडीवालाले भने यही दूरीमा २५ रुपैयाँ उठाइरहेका छन् । सरकारको निर्णय पनि अव्यवहारिक रहेको यात्रु सुन्दर घिमिरेको दाबी छ ।

'गाडी चढ्नेबित्तिकै २० रुपैयाँबाट घटाएर सरकारले न्यूनतम भाडा १९ रुपैयाँ कायम गरेको छ,' उनले भने, 'यो भाडा कति व्यवहारिक छ ? न यात्रुले १९ रुपैयाँ दिन सक्छन्, न गाडीवालाले २० रुपैयाँ दिँदा एक रुपैयाँ फिर्ता दिन्छन् ।' प्रदेश सरकारले गाडीवालालाई पोस्ने गरी अव्यावहारिक भाडादर कायम गरेको उनको आरोप छ ।

'होइन भने यात्रुले १९ रुपैयाँ तिर्नेभन्दा २० रुपैयाँ दिँदा गाडीवालाले १ रुपैयाँ फिर्ता दिने नियम कडाइसाथ कार्यान्वयन गरिनुपर्छ,' उनले भने, 'नत्र देख्दादेख्दै एक रुपैयाँ छाडिदिँदा एक यात्रबाट एक रुपैयाँका दरले गाडीवालाले दैनिक कति असुल्छन् । त्यसैले यस्तो निर्णय कसलाई फाइदा पुग्ने गरी गरिएको हो, भाडादर कायम गरि एकैबाट थाहा हुन्छरु।'

उपत्यकामा घटेको भाडा अनुसार १० किमिसम्म २५, १५ किमिसम्म ३०, २० किमिसम्म ३३ र २० किमिभन्दा माथि ३८ रुपैयाँ भाडादर कायम गरिएको छ । काठमाडौंदेखि वागमतीभित्रकै जिल्लामा जाने सवारीसाधनको घटेको भाडदर कायम गरिएको छ । काठमाडौं उपत्यकामा चल्ने सवारीमा न्यूनतम भाडा १९ रुपैयाँ कायम भएको नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघका अध्यक्ष विजय स्वाँरले बताए । 'यातायात व्यवसायीसँग १ रुपैयाँ फुटकर नभएर २० रुपैयाँ लिएको हुन सक्छ,' उनले भने, 'तर यसबाहेक अन्य तरिकाले बढी भाडा लिनु भनेको यातायातभित्रको विकृति हो, नियामक निकायले अनुगमन गरेर कारबाही गर्नुपर्छ ।'

सबै गाडी कम्पनीले बढेको भाडाबारे समितिलाई जानकारी गराउनुपर्ने उनको भनाइ छ । 'जुन दिन भाडा घटेको कुरा प्रदेश राजपत्रमा प्रकाशन भयो,' उनले भने, 'त्यही दिनबाट हाम्रोतर्फबाट समितिलाई सर्कुलर गरीसकिएको छ ।' सम्बन्धित निकायले घटेको भाडा कार्यान्वयन भएरनभएकोबारे कडाइसाथ अनुगमन गरे घटेको भाडा पूर्णरुपमा कार्यान्वयनमा आउने उनको भनाइ छ ।

भाडा बढेकोबारे प्रदेश मन्त्रालयबाट आधिकारिक रुपमा चिठी नआएको काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयका प्रवक्ता एसएसपी राजेन्द्रप्रसाद भट्टले जनाए । 'भाडा बढी लिएको भनेर गुनासो कमै आएका छन्,' उनले भने, 'गुनासै आएको खण्डमा बढी भाडा लिनेलाई कारबाही गर्ने गरिएको छ, कारबाहीका रुपमा ५ हजार रुपैयाँ जरिवाना हुन्छ ।' बढी भाडा उठाएकाबारे आफू जानकार नभएको र सोमबारबाटै यसको कार्यान्वयनमा कडाइ गरिने वागमती प्रदेशअन्तर्गत श्रम, रोजगार तथा यातायात मन्त्रालयका सचिव आस्मान तामाङले बताए ।

# हेटौंडामा प्राकृतिक प्रणालीबाट बहुबाली लगाउने तालिम

साझाकुरा संवाददाता

हेटौंडा, २२ जेठ/हेटौंडा तीन दिने प्राकृतिक प्रणालीबाट बहुबाली लगाउने तालिम भइरहेको छ । शनिबारबाट सुरु भएको तालिम सोमबारसम्म सञ्चालन हुनेछ । प्राकृतिक प्रणालीबाट एकैचोटी बहुबाली लगाउने तरिकाबारे तालिम प्रदान गरिएको हो ।



हेटौंडाका वडा नम्बर १२, १३, १४ र १५ नम्बर वडाका सहकारी संस्थामा आवद्ध भएका ३० जना कृषकलाई तालिम प्रदान गरिएको आयोजक संस्था ग्रामीण महिला सेवाका केन्द्रकी सचिव अचला शर्माले बताइन् । सैद्धान्तिक तालिम सहित हेटौंडा १२ कल्याणटारका रामप्रसाद पौडेलको जग्गामा प्रयोगात्मक रुपमा तालिम प्रदान गरिएको सचिव शर्माले बताइन् ।

हेटौंडा उपमहानगरको आर्थिक सहयोगमा ग्रामीण महिला सेवा केन्द्रको वार्षिक कार्यक्रम अन्तर गत कृषक महिलालाई प्राकृतिक प्रणालीबाट बाली लगाउने तालिम प्रदान गरिएको सेवा केन्द्रका अध्यक्ष सुलोचना स्याङ्तानले बताइन् । सहकारीमा आवद्ध भएका महिला दिदीबहिनीलाई सीपमूलक तालिम पश्चात आम्दानीको स्रोत बढी आर्थिक पक्षमा सुधार हुने भएकाले तालिमको आयोजना गरिएको अध्यक्ष स्याङ्तानले बताइन् ।

तालिमलाई सिन्धुपाल्चोकका हरियाली अभियान प्रा.लिका कार्यक्रम संयोजक गोपाल भण्डारीले तीन दिन प्रशिक्षण दिइरहेका छन् भने काठमाडौंका ओक्रालाईन विजनेश प्रा.लिका कार्यक्रम संयोजक पुष्पराज शाहीले तालिमलाई प्रशिक्षण दिएका छन् । धन र कम बल प्रयोग गरी प्रक्रिया र प्रविधि मिलाएर खेती गर्न सके कम लागतममा बढी उत्पादन लिन सकिने प्रशिक्षक गोपाल भण्डारीले बताए । तालिममा मकै, आलु, घ्युसिमी, खुर्सानी, तनेबोडी, धनियाँ, भण्टालगायतको तकारी लगाउने तालिम प्रदान गरिएको प्रशिक्षक भण्डारीले बताए । तरकारी लगाउनेका साथै तालिममा प्राकृतिक रुपमा पाइने झोल मल बनाउने तरिकालाई प्रयोगात्मकरुपमा परीक्षण गरिएको भण्डारीले बताए ।

# भूमि साटफेरबारे प्रधानमन्त्रीले ढाँट्नुभयो: बर्तौला

साझाकुरा संवाददाता

हेटौंडा, २३ जेठ/नेकपा एमालेका सचेतकसमेत रहेका मकवानपुरका सांसद महेश बर्तौलाले प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले नेपाली भूमि साटफेर बारे संसदलाई ढाँटेको आरोप लगाएका छन् ।



प्रतिनिधिसभाको बैठकमा बोल्दै सांसद बर्तौलाले प्रधानमन्त्रीलाई भूमि साटफेर गर्ने अधिकार कसले दियो ? भन्दै प्रश्न गरे । 'प्रधानमन्त्रीज्यूले रोष्ट्रममा उभिएर सिंगो देश र सदनलाई ढाँट्नुभयो, झूट बोल्नुभयो । उहाँले भनेकै विषयमा हामीले हिजैदेखि विषयवस्तु राखेका थियौं । उहाँले अन्तर्वार्ताको क्रमममा नेपालको भूमि लिपुलेक, लिम्पियाधुरा, सुस्ता, कालापानी लगायत विषयलाई सट्टपट्टा गर्न सकिने अभिव्यक्ति दिनुभयो । यो हामीले भनेका होइनौं प्रधानमन्त्रीको मुखबाट आएको विषय हो । नेपालको भूमि सट्टापट्टा गर्ने अधिकार कसले दियो ?', उनले भने ।

नेपालको संविधान अनुसार राष्ट्रहितविरुद्धको अभिव्यक्ति भएकाले दण्डनीय भएको बताए । प्रतिनिधिसभाको बैठकमा बोल्दै प्रधानमन्त्रीले आफूले भूमि साटफेरको विषयमा कहीं नभनेको प्रष्टीकरण दिएका थिए । यसैगरी, प्रधानमन्त्री प्रचण्डले भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीसँग आफूले कालापानी-लिपुलेकमाथि नेपालको दाबी छाड्ने कुरा नगरेको प्रष्टीकरण दिएका थिए । संसदमा प्रतिपक्षी दलहरुले उठाएका विषयमाथि जवाफ दिँदै उनले नेपालको भूमि फिर्ताबाहेक अर्को कुनै विकल्पबारे आफूले चर्चा नगरेको स्पष्ट पारे । प्रधानमन्त्री भारत भ्रमणमा रहँदै राष्ट्रिय समाचार समितिले उनको अन्तर्वार्ता प्रकाशित गरेको थियो । सो अन्तर्वार्तामा प्रधानमन्त्रीले सीमा विवाद समाधानका लागि भूमि सट्टापट्टा गर्ने अन्तर्राष्ट्रिय अभ्यासबारे चर्चा गरेका थिए । यही विषयलाई लिएर प्रतिपक्षी दलहरुले संसद अवरोध गरेपछि आज प्रधानमन्त्रीले जवाफ दिएका हुन् ।

# बिभेदकारी संस्कारले महिला र पुरुष छुट्टायो : मुख्यमन्त्री जमरकट्टेल

साझाकुरा संवाददाता

हेटौंडा, २२ जेठ/बागमती प्रदेशका मुख्यमन्त्री शालिकराम जमरकट्टेलले महिला र पुरुषबीचको बिभेद भन्ने कुरा संस्कारका रुपमा छाइरहेको बताउदै बिभेदकारी संस्कारले महिला र पुरुषको समान्ता छुटाएको बताए ।

राष्ट्रिय महिला आयोगद्वारा सोमवार सामाजिक विकास मन्त्रालयमा आयोजित 'महिलाको नीतिगत तहमा पहुँच स्थापित गराउन राजनीनिक दलका प्रमुख एबम् सरोकारवाला निकायसँगको प्रदेशस्तरीय अन्तर क्रिया' लाई सम्बोदन गर्दै मुख्यमन्त्री जमरकट्टेलले समाजमा लामो समयदेखि जरो गाड्दै आएको पितृसत्तात्मक सोच र संस्कार परिवर्तन नभएसम्म महिला र पुरुषको बिभेद अन्त्य नहुने बताए ।

कार्यक्रममा मुख्यमन्त्री तथा मन्त्रीपरिषद् कार्यालयका कानुन सचिव बिनोद भट्टले नीतिगत तहमा महिलाको पहुँच राजनीतिक सहभागिता सशक्तिकरणका बारेमा चर्चा गरे । उनले महिलाको पहुँच राजनीतिक स्थानमा सहभागिता निकै कम हुनुमा लैङ्गिक बिभेद कारण बनेको बताए । यस्तै कार्यक्रममा बागमती प्रदेशका मुख्य सचिव मुकुन्द निरौलाले राज्यको बिभिन्न अंगमा महिलाको पहुँच नपुग्नुमा समाजका समृद्ध बर्गको वर्चस्व रहेको बताए ।

कार्यक्रममा राष्ट्रिय महिला आयोगका अध्यक्ष कृष्णकुमारी पौडेलले संविधान मात्र कार्यान्वयन भएमा महिलाको पहुँच बढ्ने जोड दिइन् । उनले संविधानले बोलेको जस्तो ब्यवहारमा लागू नभएको गुनासो गर्दै राजनीतिक दलका नेतृत्वतहको सोच परिवर्तन हुनुपर्नेमा जोड दिइन् ।

उनले महिलाको हकअधिकार चुनौतीको विषय बनेको बताइन् । कार्यक्रममा सामाजिक विकाश मन्त्री कुमारी मोक्तान, प्रदेशसभा सदस्य एकालाल श्रेष्ठ, भारती पाठक, हेटौडा उपमहानगरपालिका मेयर मीना लामा, प्रदेशका बिभिन्न मन्त्रालयका सचिवहरु, प्रदेश जिल्ला तहका राजनीतिक नेतृत्वहरु, बिभिन्न संघसंगठनका प्रतिनिधिले महिलाको पहुँच बढाउन कार्यन्वयन पक्षलाई पारदर्शी बनाउनुपर्नेमा जोड दिएका थिए ।

# संगमचोक क्षेत्रमा डष्टबिन र सडक बत्ति

साझाकुरा संवाददाता

हेटौंडा, २२ जेठ/हेटौंडा उपमहानगरपालिका-२, स्थित हरिकुञ्ज रोड (संगमचोक क्षेत्र)मा डष्टबिन तथा गमलासहितको सडक बत्ति राखिएको छ ।

५१ औं विश्व वातावरण दिवस २०८० को अवसर पारेर २ नम्बर वडा कार्यालयको सहयोगमा हरिकुञ्ज टोल विकास संस्थाले डष्टबिन तथा गमलासहितको सडक बत्ति राखेको हो । डष्टबिन तथा गमलासहितको सडक बत्तिको सोमबार हेटौंडा उपमहानगरकी प्रमुख मीनाकुमारी लामा र उपप्रमुख राजेश बानियाँले संयुक्त रुपमा उद्घाटन गरेका छन् । उद्घाटन कार्यक्रमलाई सम्बोधन गर्दै मेयर लामाले नगरको सौन्दर्यमा चिन्तित रहेको बताइन् । हेटौंडालाई सुन्दर र व्यवस्थित बनाउन आफूले नीतिगत रुपमै कार्ययोजनासहित काम अघि बढाएको लामाले विश्वास दिलाइन् । उनले असम्भव केही नभएको बताउँदै प्रयास गर्न नछोडे लक्ष्य प्राप्तिमा सफलता हात पर्ने आत्मविश्वास जगाइन् ।

नगरको विकासका लागि सबैको सकारात्मक सहयोग र सुझाव आवश्यक रहेको उनको भनाई छ । नगरको विकासमा हरिकुञ्ज टोविसको जस्तै सक्रियता अन्य टोविसहरुले पनि देखाउनुपर्ने लामाले बताइन् । उपप्रमुख बानियाँले सुर्तिजन्यपदार्थको बिक्री रोक्ने तयारीमा उपमहानगर रहेको बताए । घर अगाडिको बत्तिको संरक्षणको जिम्मेवारीमा दिइएको उनको भनाई छ । २ नम्बर वडाअध्यक्ष विष्णुगोपाल महर्जनले वडाभरी डष्टबिन र सडक बत्तिको व्यवस्थापनमा आफू जुटेको बताए । कार्यक्रममा उपमहानगरको पूर्वाधार विकास महाशाखा प्रमुख इन्जिनियर सत्यनारायण शाह हरिकुञ्ज टोविस अध्यक्ष पूर्णिमा श्रेष्ठ, टोल विकास संस्था नगर समन्वय समिति, हेटौंडाका अध्यक्ष ध्रुव अधिकारी लगायतको आतिथ्यता थियो ।

## ३ नम्बर वडाको नि:शुल्क स्वास्थ्य शिविर

हेटौंडा, २२ जेठ/हेटौंडा उपमहानगरपालिका वडा नम्वर ३ मा सोमबार नि:शुल्क स्वास्थ्य शिविरको आयोजना गरिएको छ ।

हेटौंडा-३ को वडा कार्यालय र बसामाडी स्वास्थ्यचौकीको संयुक्त आयोजनामा एक दिने नि:शुल्क जनरल हेल्थ जाँच स्वास्थ्य शिविर भएको हो । विभिन्न रोगबाट समस्या भोग्दै आएका उक्त क्षेत्रका नागरिकले डाक्टरहरुबाट नि:शुल्क रुपमा सेवा लिएको ३ नम्वर वडाका सचिव महेन्द्र चापागाईले जानकारी दिए ।

लोकतन्त्रको उपलब्धिको रक्षा गरौं

- विधिको शासन
- नागरिक स्वतन्त्रताको संरक्षण
- सूचनाको हक
- संवैधानिक सरकार
- आवधिक निर्वाचन
- समावेशी सहभागिताको सुनिश्चितता
- बालिग मताधिकार
- अभिव्यक्ति स्वतन्त्रता
- न्यायिक स्वतन्त्रता

यी लोकतन्त्रका विशेषता हुन्, यिनको अवलम्बन गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

कार्यालय सरेको सूचना


यस संस्थाको नेपाल भाषा खलको भवनमा रहेको कार्यालय सो भवन पुन निर्माणधिन रहेको कारण हाललाई स्वर्गलोक पथ मोडल हस्पिटल नजिकै (बुद्ध अप्टिकल अगाडी) सरेको व्यहोरा सबैको जानकारीको लागी यो सूचना प्रकाशन गरेका छौ । असुबिधाको लागी क्षमायाचना गर्दछौं ।

सितु बचत तथा ऋण सहकारी संस्था लि.
स्वर्ग लोक पथ हे.न.पा. १
सम्पर्क नं: 057-524706, 9861918021

"सुनमा शुद्धता डिजाइनमा आधुनिकता"

आधुनिक सुन चाँदी पसल

हेटौंडा-२, पुरानो मकवानपुर रोड



हामीकहाँ आधुनिक डिजाइनका गर गहना बनाउनुका साथै खरिद बिक्री गरिन्छ ।

प्रो. राजु सेन्चुरी
सम्पर्क नं. :
९८४५५३०५६३, ९८१५२२४३४३

भावपूर्ण श्रद्धाञ्जली



जन्म:
२०१७ बैशाख २५

स्वर्गारोहण:
२०८० जेष्ठ १४

स्व. सन्तुमाया राउत

यस संघका सल्लाहकार श्री महेन्द्र राउतज्यूको ममतामयी माता हेटौंडा-१ निवासी **सन्तुमाया राउत**को ६३ वर्षको उमेरमा भएको असामयिक निधनले हामी मर्माहत भएका छौं । यस दुखद घडीमा दिवंगत आत्माको वैकुण्ठबासको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै शोकसन्तप्त परिवारजन प्रति धैर्यधारण गर्न शक्ति मिलोस् भनि कामना गर्दछौं ।

कृष्ण कुमार गुप्ता (अध्यक्ष) एवम्
मकवानपुर उद्योग वाणिज्य संघ परिवार

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना